# नेपाली बालबालिकाको स्थिति
# २०६३

# The State of Children of Nepal
# 2006

**नेपाल सरकार**
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
हरिहर भवन, ललितपुर ।

नेपाल सरकार

मा. उर्मिला अर्याल
राज्यमन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
निजि सचिवालय
सिंहदरबार, काठमाडौं ।

कार्यालय : ४२४१८१६
फ्याक्स : ००९७७-१-४२४१५१६
निवास : ६६३१६३८

निवास फ्याक्स : ००९७७-१-६६३०४८९

पत्र संख्या नं.:-

चलानी नं.:-

# शुभकामना मन्तव्य

केन्द्रीय बाल कल्याण समितिले बालबालिका सम्बन्धी जानकारी मुलक प्रतिवेदन **"नेपाली बालबालिकाको स्थिति २०६३"** प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

नेपालले बाल अधिकार सम्बन्धी महासन्धिलाई सन् १९९० मा नै हस्ताक्षर गरी अनुमोदन गरिसकेको सन्दर्भमा बाल अधिकारलाई प्रबर्द्धन गर्नु राज्यको दायित्वभित्र पर्दछ । यस किसिमका सूचनामूलक प्रकाशनले बाल अधिकारलाई संरक्षण प्रदान गर्ने खालका नीति नियमहरू तथा योजनाहरू तर्जुमा गर्न सहयोग पुग्ने कुरामा दुईमत नहोला। अत: बालबालिकाहरू सम्बन्धी यस किसिमको प्रकाशनले बालबालिकाका विषयमा जिज्ञासा राख्ने सबैलाई मद्धत गर्ने नै छ भन्ने मलाई पूर्ण विश्वास छ ।

**"नेपाली बालबालिकाको स्थिति २०६३"** प्रकाशन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ।

.........................................................

उर्मिला अर्याल
राज्यमन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
एंव
अध्यक्ष, केन्द्रीय बाल कल्याण समिति

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाण्डौं
फोन नं. : ४२४१८१६, ४२३९८८२
४२४१६१३, ४२४१७२८
फयाक्स : २४१५१६
ईमेल mowcsw@ntc.net.np
मिति :- २०६३/५/२६


पत्र संख्या :- ०६३/०६४

च.नं :-

# शुभकामना

केन्द्रीय बाल कल्याण समितिको प्रयासमा पहिलो पटक **"नेपाली बालबालिकाको स्थिति २०६३"** प्रकाशन हुन लागेकोमा खुशी लागेको छ। यस प्रकारको बालबालिका सम्बन्धी जानकारीमूलक सामग्री प्रकाशनले बालबालिकाको अवस्था दर्शाउनमात्र नभै बाल अधिकारको संरक्षण र प्रबर्द्धनका खातिर भावी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न समेत यथेष्ट मद्धत पुऱ्याउने गर्दछ। हामीले गरेका राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि एंव महासन्धि आदिको कार्यान्वयनसम्बन्धी प्रतिवेदन तयार गर्न र जिज्ञासु जो कोहीलाई पनि बालबालिका सम्बन्धी जानकारी दिन यस प्रकाशन सहयोगी हुनेछ।

पहिलो प्रयास भएका कारण यसमा कतिपय त्रुटि रहने संभावना हुन स्वभाविक हो। तथापि यस प्रकाशनलाई निरन्तरता दिई बालबालिकासम्बन्धी महत्वपूर्ण जानकारी प्रदान गर्ने स्रोतको रुपमा विकास गर्न सके यो एक उल्लेख्य कार्य हुने कुरामा विश्वस्त छु। यसमा प्राप्त हुने सुझाव, सल्लाह र जानकारीहरूको आधारमा अर्को प्रकाशनमा आवश्यक सुधार हुने नै छ। यस प्रकारको महत्वपुर्ण प्रयासकोलागि केन्द्रीय बाल कल्याण समितिलाई हार्दिक धन्यवाद दिन चाहन्छु र प्रकाशनको निरन्तरताकोलागि शुभकामना पनि प्रकट गर्दछु।

..........................................................

**पुण्य प्रसाद न्यौपाने**
का.मु. सचिव
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

# मन्तव्य

**नेपाली बालबालिकाको स्थिति-२०६३** यसप्रकारको पहिलो प्रकाशन हो । बालबालिकाको स्थितिसम्बन्धमा वार्षिक प्रतिवेदन तयार गर्ने केन्द्रीय बाल कल्याण समितिको दायित्वअनुरूप प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा जिल्ला बाल कल्याण समितिहरूबाट प्राप्त गत आर्थिक वर्षभरका सूचना/जानकारीहरू विश्लेषण गरी विभिन्न सवालमा देखापरेका नयाँ प्रवृत्तिको पहिचान गरिएको छ भने मूलतः तथ्यांकहरू सहायक सामग्रीबाट लिइएको छ ।

केन्द्रीय बाल कल्याण समितिले स्थानीय स्तरको सूचना संकलन तथा बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनको अनुगमनसमेत गर्ने उद्देश्यले जिल्ला अनुगमन सूचकांक शीर्षकमा बालबालिकासम्बन्धी विभिन्न सूचना/जानकारी संकलन गर्ने गरेको छ । त्यसरी प्राप्त सूचना/जानकारीको विश्लेषण गरी वार्षिक रूपमा प्रतिवेदन तयार गर्ने क्रममा यो पहिलो प्रयास हो ।

**नेपाल बालअधिकारसम्बन्धी महासन्धि, १९८९** मा हस्ताक्षर गर्ने मुलुकहरूमध्ये अग्रपंक्तिमा रहेको भए पनि नेपाली बालबालिकाको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । यसका लागि नेपाली समाजको आर्थिक-सामाजिक अवस्था, परम्परागत मान्यता र प्रचलनहरू, राजनीतिक अस्थिरता, सशस्त्र विद्रोह, भौगोलिक विकटता आदि कारणहरू जिम्मेवार रहेका छन् । विभिन्न प्रतिकूल परिस्थितिमा बालअधिकारको रक्षाका लागि विकास गरिने अनुगमन संयन्त्र र प्रक्रियाको आफ्नै महत्त्व हुन्छ । प्रस्तुत प्रतिवेदन अनुगमन प्रयोजनकालागि पनि प्रयोग गर्न सकिएमा यो बढी सार्थक सिद्ध हुनेछ ।

बालअधिकारसम्बन्धी महासन्धिअनुसार १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका मानिएका छ । नेपालका कानुनहरूलाई तदनुरूप समायोजन गर्न सकिएको छैन । यसैले प्रस्तुत प्रतिवेदनमा मूलतः १६ वर्षमुनिका बालबालिकाको तथ्यांक प्रयोग गरिएको छ । विभिन्न स्रोतका सहायक सामग्रीहरू प्रयोग गरिएकाले यदाकदा सूचनामा एकरूपता नदेखिन पनि सक्तछ ।

मूलतः विभिन्न मितिमा सूचना संकलन भएको कारणले यस्तो विभिन्नता देखिन पुगेको हो । यस प्रतिवेदनलाई आधार प्रतिवेदन बनाउने प्रयास गरिएको भए पनि पहिलो प्रयास हुनाले अपेक्षा गरेजति सूचना जानकारी समावेश नभएको हुन सक्छ । यसको संरचना र सूचनासंकलन तथा विश्लेषण एवं प्रस्तुतिका विभिन्न पक्षहरूमा सुधार र परिमार्जन आवश्यक हुन सक्तछ । त्यस्तो सुधार र परिमार्जनको सुझावकालागि हामी सबैसँग आग्रह गर्दछौं र सधैं त्यस्ता सुझावहरूको स्वागत गर्नेछौं ।

**नेपाली बालबालिकाको स्थिति-२०६३** तयार गर्ने क्रममा सूचना संकलन र प्रशोधन गर्ने कार्यकालागि सुशील शर्मा, प्रतीक्षा भट्टराई र शिवु गुरुङलाई धन्यवाद दिन चाहन्छौं । यस

प्रतिवेदनको तयारीमा विशेष सहयोग गरेकोमा केन्द्रीय बाल कल्याण समितिका शिवप्रसाद पौड्याललाई धन्यवाद छ । यस्तै जिल्ला अनुगमन सूचकांकअनुरूप सूचनासंकलन गर्ने जिल्ला बाल कल्याण समितिका पदाधिकारी र कर्मचारीहरूलाई पनि धन्यवाद दिन्छौं । जिल्ला अनुगमन सूचकांक नै यस प्रतिवेदनको आधार हो ।

यस प्रतिवेदनमा प्रयोग गरिएका तस्विरहरू उपलब्ध गराउने प्रह्लाद ढकाल पनि धन्यवादका पात्र हुनुहुन्छ । प्रतिवेदनको सम्पादन गरिदिनुभएकोमा गोविन्दप्रसाद अधिकारीलाई धन्यवाद । यसैगरी तथ्यांक संकलन र प्रकाशन गर्न सहयोग गर्ने प्लान नेपाल र सेभ द चिल्ड्रेन नर्वेप्रति पनि आभार व्यक्त गर्दछु ।

**दीपकराज सापकोटा**
**कार्यकारी निर्देशक**
**केन्द्रीय बाल कल्याण समिति**

# विषय-सूची


| | |
|---|---|
| **नेपाली बालबालिकाको स्थिति-२०६३** | **११-१६** |
| प्रतिवेदनको सारसंक्षेप | ११ |
| | |
| **परिच्छेद-१** | **१७-२४** |
| विषयप्रवेश | १७ |
| १.१ नेपाल र नेपाली बालबालिका | १७ |
| १.२ आशाका किरणहरू | १८ |
| १.३ नेपालमा बालबालिकाको संख्या | १९ |
| १.४ बालबालिकाको बसाइ | २२ |
| | |
| **परिच्छेद-२** | **२३-२८** |
| बालबालिकाको अवस्था | २३ |
| २.१ पहिचानको अधिकार : जन्मदर्ता | २३ |
| २.१ जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका | २६ |
| २.२.१ सशस्त्र विद्रोह र बालबालिका | २८ |
| | |
| **परिच्छेद-३** | **२९-४०** |
| विशेष संरक्षण | २९ |
| ३.१ अपांगता भएका बालबालिका | २९ |
| ३.२ शरणार्थी बालबालिका | ३१ |
| ३.३ बालश्रमिक | ३१ |
| ३.४ सडकबालबालिका | ३३ |
| ३.५ बाल यौनशोषण तथा दूर्व्यवहार | ३५ |
| ३.५.१ बालबालिकाको बेचबिखन र ओसारपसार | ३६ |
| ३.५.२ बालविवाह | ३७ |
| ३.६ बालबालिकाविरूद्ध भेदभाव र तिरस्कार | ३८ |
| ३.७ धर्मसन्तानसम्बन्धी | ३८ |
| | |
| **परिच्छेद- ४** | **४१-४८** |
| सामाजिक सेवामा पहुँच | ४१ |
| ४.१ शिक्षाको अवसर | ४१ |
| ४.२ स्वास्थ्य, पोषण र खानेपानी | ४५ |
| ४.२.१ बालस्वास्थ्य | ४५ |

४.२.२ खानेपानी ४७

४.३ नेपाली बालबालिका र एचआईभी/एडस् ४७

**परिच्छेद-५** **४९-५०**

बाल सहभागिता ४९

**परिच्छेद-६** **५१-५४**

बाल न्याय ५१

**परिच्छेद-७** **५५-५८**

बालअधिकार संरक्षणका लागि संस्थागत प्रयासहरू ५५

**References** **५९-६०**

# नेपाली बालबालिकाको स्थिति-२०६३

## प्रतिवेदनको सारसंक्षेप

लोकतन्त्रको स्थापना, एक दशक लामो सशस्त्र विद्रोहको स्थगन तथा विद्रोही र सरकारका बीचमा शान्तिवार्ताको थालनीले नेपाली बालबालिकाले विगत्मा जस्तो सास्ती भोग्न नपर्ने आशा पलाएको छ । यथार्थमा २०६३ साल नेपाली बालबालिकाको उन्नत, शान्त र समृद्ध भविष्यको संकेत लिएर आएको छ । धेरै समयदेखि बन्द रहेका विद्यालयहरु खुल्न र सञ्चालन हुन थालेका छन् । ग्रामीण क्षेत्रमा लामो समयदेखि अवरुद्ध स्वास्थ्यसेवापनि सञ्चालन हुने सम्भावना बढेको छ । शान्तिको सम्भावनासँगै ग्रामीण क्षेत्रबाट विस्थापितहरु घर फर्कने तरखरमा छन् । यसैगरी बालअधिकार र विशेषगरी द्वन्द्वप्रभावित तथा सशस्त्र फौज एवं सशस्त्र समूहको सम्पर्कमा रहेका बालबालिकाको अधिकार, संरक्षण र विकासका सवालमा खुला छलफल थालनी भएको छ । यी सबै नेपाली बालबालिकाकालागि आशाका किरण हुन् ।

एक दशक लामो द्वन्द्वका कारणबाट हजारौंको संख्यामा बालबालिका परिवारसँगै वा एक्लै विस्थापित भएका छन् भने कतिपय सशस्त्र फौज वा समूहमा आबद्ध हुन पुगेका छन् । आन्तरिक रुपमा विस्थापित परिवार र बालबालिकासम्बन्धमा उपलब्ध तथ्यांकहरुमा विभिन्नता छ तापनि बालबालिका विस्थापनका क्रममा भारततर्फ पनि ठूलो संख्यामा जाने गरेको एक अध्ययनले देखाएको छ । यस्ता बालबालिकाको बालापन मात्र हैन शिक्षा, स्वास्थ्य र विकासमा प्रतिकूल प्रभाव परेको छ । विस्थापित बालबालिका श्रम र यौनशोषण तथा बेचबिखनको जोखिममा परेका छन् । सशस्त्र फौज वा समूहको सम्पर्कमा भएका बालबालिकाको ज्यान नै जोखिममा हुन्छ । उनीहरुमाथि शारीरिक र मानसिक रुपमा पनि प्रतिकूल प्रभाव पर्छ ।

नेपाली बालबालिकाको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन। सबैकालागि शिक्षाका लक्ष्य पूरा नहुने देखिएको छ। खोप अभियान सञ्चालनमा अपेक्षाकृत सफलता प्राप्त भए पनि विभिन्न कारणले सबै बालबालिकासम्म खोप पुऱ्याउन सकिएको छैन। सामाजिक सुरक्षाको अभावमा समाजका कमजोर वर्ग, विशेषगरी बालबालिका प्रभावित भएका छन्। समाजमा विभिन्न आधारमा हुने भेदभाव र तिरस्कारबाट पनि नेपाली बालबालिका प्रभावित भइरहेका छन् भने उनीहरू श्रम र यौनशोषणकापनि सिकार भइरहेका छन्।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय २३ मध्ये १६ वर्षमुनिका बालबालिकाको संख्या ९४ लाख ७५ हजार ८ सय ९४ अर्थात् ४०.९३ प्रतिशत रहेको थियो। ती बालबालिकामध्ये बालकको संख्या ४८ लाख २९ हजार ८ सय ६३ अर्थात् ५०.९७ रहेको थियो भने बालिकाको संख्या ४६ लाख ४६ हजार ३१ अर्थात् ४९.०३ प्रतिशत थियो।

यसैगरी १८ वर्षमुनिको जनसंख्या २०५८ सालमा कुल १ करोड ९ लाख ९६ हजार ५२ अर्थात् कुल जनसंख्याको ४९.३६ प्रतिशत थियो। यी बालबालिकामा ५५ लाख ८२ हजार ६ सय ९६ अर्थात् ५०.७७ प्रतिशत बालक र ५४ लाख १३ हजार ३ सय ५६ अर्थात् ४९.२३ प्रतिशत बालिकाको संख्या थियो। यसरी हेर्दा १६ र १८ वर्षको जनसंख्यामा लगभग ८ प्रतिशत अन्तर देखिन्छ।



वि.सं. २०६३ को अनुमानित जनसंख्या २ करोड ५३ लाख ४२ हजार ६ सय ३८ मा पुरुषको संख्या १ करोड २६ लाख ८५ हजार ३ सय ७५ (५०.५३ प्रतिशत) र महिलाको संख्या १ करोड २६ लाख ५७ हजार २ सय ६३ (४९.४७ प्रतिशत) रहेको छ। वि.सं. २०५८ र २०६३ सालका बीचमा जनसंख्याको संरचनामा सामान्य परिवर्तन भई महिलाका अनुपातमा पुरुषको जनसंख्या बढेको छ। यसैगरी १६ वर्षमुनिका बालबालिकाको अनुपातमा पनि २.७९ प्रतिशत कम भएको देखिएको छ।

नेपाली समाजमा पारिवारिक सम्बन्ध निकै बलियो भएकाले अधिकांश अर्थात् ८७.६४ प्रतिशत बालबालिका आफ्ना आमाबाबु वा अभिभावकसँगै बस्छन्। अभिभावक र नजिकको नातेदारपछि रोजगारदाताहरूसँगै बस्ने श्रमिक बालबालिका ०.६६ प्रतिशत रहेको देखिएको छ। यसले बालश्रमिकको संख्या उल्लेख्य भएको र त्यस्ता बालश्रमिकहरू अनौपचारिक क्षेत्रमा कार्यरत रहेको संकेत गर्दछ।

नेपालको ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको मानिन्छ। सामाजिक विकासका दृष्टिले नेपाल विश्वमा १३७ औं स्थानमा रहेको छ। यसैगरी कुल जनसंख्याको ३४ प्रतिशतले प्रतिदिन प्रतिव्यक्ति १ अमेरिकी डलरभन्दा कम आर्जन गर्ने गरेको मानिन्छ।



book.pmd 12 2/20/2007, 2:33 AM

नेपालमा कुल बालजनसंख्यामध्ये ३३ प्रतिशत बालबालिकाको मात्र जन्मदर्ता भएको छ । जन्मदर्ता गरिएका बालबालिकामा छोराको प्रतिशत ५१.६ प्रतिशत छ भने छोरीको अनुपात ४८.४ प्रतिशत रहेको छ । जन्मदर्ताको तथ्यांकीय प्रयोजनकासाथै बालअधिकार संरक्षण र प्रचलनकालागि पनि महत्त्वपूर्ण भूमिका र उपादेयता हुन्छ ।

नेपालमा शरणार्थी बालबालिकाको संख्या ४१ हजार रहेको छ । यस्ता बालबालिकालाई कुनै पनि भेदभावबाट संरक्षण गर्ने राज्यको दायित्व किटान गरिएको भएपनि नेपालमा शरणार्थी बालबालिकाप्रति लक्षित कार्यक्रम पाइँदैन ।

नेपालको एक दशक लामो सशस्त्र विद्रोहका क्रममा ज्यान गुमाउने, अपांग हुने र टुहुरा हुने बालबालिकाको संख्या निकै ठूलो छ । युद्धविरामपछिपनि अलपत्र छाडिएका विस्फोटक पदार्थका कारण ४ जना बालबालिकाको ज्यान गएको छ भने २५ जना बालबालिका घाइते भएका छन् । द्वन्द्व स्थगित भए पनि सशस्त्र फौज वा सशस्त्र समूहसँग आबद्ध बालबालिकाप्रति यथोचित ध्यान दिने र बचेखुचेको बालापनको संरक्षण गर्ने तर्फ प्रयास गरिएको छैन ।

विश्वमा अपांगता भएका व्यक्तिको संख्या कुल जनसंख्याको सालाखाला १० प्रतिशत हुने मानिन्छ । नेपालमा विभिन्न अध्ययनहरूले अपांगता भएका व्यक्तिहरूको संख्या कुल जनसंख्याको १.६ देखि ८.९ प्रतिशत भएको देखाएका छन् । अपांगता भएका बालबालिकाको विशेष आवश्यकतामा शिक्षा, स्वास्थ्य र अरू सामाजिक सेवामा पहुँच, सामाजिक सुरक्षाको प्रत्याभूति, जीवनमूलक सीपको शिक्षा आदिको व्यवस्था भने पर्याप्त हुनसकेको छैन । अपांगता भएका बहुसंख्यक बालबालिका शिक्षा, स्वास्थ्य, खेलकुद र मनोरञ्जनको अधिकारबाट वञ्चित छन् ।

बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ ले नेपालमा १४ वर्षमुनिका बालबालिकालाई श्रमिकका रूपमा कुनै पनि काममा लगाउन र १६ वर्ष पूरा नगरेका बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन निषेध गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको एक अनुमानअनुसार नेपालमा बालश्रमिकहरूको संख्या २६ लाख रहेको छ । तीमध्ये करिब १ लाख २७ हजार बालबालिका जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न रहेका छन् ।

वर्सेनि करिब ५ हजार बालबालिका घर छाडेको वा छोडाइएको कारण सहरबजार क्षेत्रमा गएर सडकमा बस्ने वा काम गर्ने गर्दछन् । त्यस्ता बालबालिकालाई सडकबालबालिका भन्ने गरिन्छ । नेपालमा देशका विभिन्न जिल्लाबाट वर्सेनि ५ सयजना बालबालिका काठमाडौंका सडकमा आउने गरेको अनुमान छ । बालबालिका सडकमा आउनुपर्ने कारणमा सबैभन्दा बढी ३३.५९ प्रतिशत पारिवारिक दुर्व्यवहार रहेको छ ।

ग्रामीण क्षेत्रबाट रोजगारको खोजीमा सहरी क्षेत्रमा आउने बालबालिकाहरू यौनशोषणको मारमा पर्ने गरेको पाइन्छ। विशेषगरी घरेलु हिंसा र द्वन्द्वका कारण ग्रामीण भेगबाट सहरमा आउने बालिकाहरूमध्ये केही यौन व्यवसायमा संलग्न हुन बाध्य भएको अध्ययनहरूले देखाएका छन् । नेपालको सहरी क्षेत्रमा १६ वर्षमुनिका करिब ५ हजार बालिका यौन व्यवसायमा संलग्न रहेको अनुमान छ ।

नेपालमा बालबालिकाले नेतृत्व गरेका बालक्लबसमेतका संस्थाहरू ८ हजार ८ सय ४७ भन्दा बढी रहेका छन्। बालबालिकाले नेतृत्व गरेका संस्थामा सहभागी बालकको संख्या १ लाख ३० हजार ७ सय ९७ रहेको छ भने बालिकाको संख्या ९८ हजार २ सय ७७ रहेको छ।

बालक्लबका यी प्रयासहरुले बालबालिकाको संगठन गर्ने अधिकार आफूसँग सम्बन्धित विषयमा मत अभिव्यक्त गरी निर्णयप्रति वकालत गर्ने अवसर प्रदान गरेको छ। बालसहभागिता नाममा भएका अभ्यासहरूमा मूलत: संगठनको अधिकारमा जति जोड अरू पक्षमा दिइएको देखिँदैन। बालबालिकाले सूचनाप्रद र मनोरञ्जनात्मक कार्यक्रम तथा समग्र जनसञ्चारका माध्यममा प्रचारप्रसार र प्रकाशन गर्ने गरेका छन् । यसैगरी बालबालिकाप्रति लक्षित वयस्कहरूद्वारा सञ्चालित सूचनाप्रद र मनोरञ्जनात्मक कार्यक्रमहरू पनि रहेका छन् । यिनको सामग्री विश्लेषण र प्रभाव मूल्यांकन भने गरिएको पाइँदैन ।

नेपालमा बालविवाहको प्रचलन धेरै पहिलेदेखि रहिआएको छ। हाल सहरी क्षेत्रमा बालविवाह निकै कम भएको छ भने ग्रामीण क्षेत्रमा यसको प्रचलन अझै सामान्य नै छ । कानुनले विवाहको न्युनतम उमेर अभिभावकको स्वीकृति भए १८ वर्ष र स्वीकृति बेगर २० वर्ष निर्धारण गरे पनि समाजमा यसको खासै पालना भएको पाइँदैन। एक अध्ययनअनुसार कुल विवाहमध्ये १५ वर्षभन्दा मुनिका बालकबालिकाको विवाहको अनुपात ३४ प्रतिशत रहेको छ।

जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार गत आर्थिक वर्षमा ३० जना बालबालिकालाई धर्मसन्तानका रूपमा ग्रहण गरिएको थियो । यसरी धेरै जना धर्मसन्तान लिनेदिने गरिएका जिल्लामा बझाङ, बाँके, म्याग्दी, धादिङ रहेका छन् ।

देशभित्र धर्मसन्तान लिनेदिने गरिएको संख्या यसभन्दा बढी हुन सक्तछ। यस्तो घटनाको जानकारी नदिइने र धर्मसन्तान लिनेदिने कार्य अझै प्रक्रियागत रूपमा हुन नसकेकाले यस्तो आन्तरिक धर्मसन्तान लिनेदिनेको संख्या कम देखिएको हुन सक्तछ । विदेशीलाई धर्मसन्तान लिनेदिने कार्यको स्वीकृति महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत हुने गरेको छ। वर्षको सरदर ४ सयको हाराहारीमा नेपाली बालबालिका युरोपेली मुलुकहरू र अमेरिकामा जाने गरेको देखिएको छ ।

नेपाली समाजमा मानिसमानिसका बीचमा जात, लिंग, धर्म, वर्ग, उमेर र अपांगता आदिका आधारमा विभेद गर्ने प्रचलन विद्यमान रहेको पाइन्छ । नेपाली बालबालिकाले

सहनुपर्ने भेदभाव र तिरस्कारमा मूलतः लैंगिक, शारीरिक अवस्था र जातिका आधारमा गरिने भेदभाव हो। नेपाली समाजमा अझै पनि छोरा र छोरीका बीचमा भेदभाव गर्ने र छोरालाई प्राथमिकता दिने प्रचलन कायमै छ। यसले बालिकाहरूको शिक्षा, स्वास्थ्य, सामाजिक स्तर, सहभागिता र विकासका सम्भावनाहरूमा प्रतिकूल प्रभाव पार्ने गरेको छ। यस्तै नेपाली समाजको ठूलो हिस्सामा जन्मका आधारमा कुनै जातिलाई कथित छुवाछूतको व्यवहार गर्ने प्रथा धेरै लामो समयदेखि नै चल्दै आएको छ। राज्यले वि.सं. २०२० सालमा नै छुवाछूत उन्मूलनको घोषणा गरेपनि हालसम्म यो समस्या विद्यमान छ। हालै प्रतिनिधिसभाले नेपाललाई छुवाछूतको कुप्रथाबाट मुक्त गर्ने र छुवाछूतलाई दण्डनीय अपराध बनाउने संकल्प पारित गरेको छ।

बालबालिकाका हित र कल्याणकालागि मुलुकी ऐनको गरिब कंगालको महलमा केही प्रावधानहरू रहेका भएपनि बालन्याय प्रशासनसम्बन्धी व्यवस्था फौजदारी न्यायप्रणालीको अंगका रूपमा सीमित थियो। मुलुकी ऐनको दण्डसजायको महलमा बालबालिकाको फौजदारी दायित्व सम्बन्धमा केही व्यवस्था भए पनि उनीहरूले फौजदारी अपराध गरेको प्रमाणित भएमा सुधारको निमित्त कुनै संस्थागत व्यवस्था थिएन। नेपालमा पहिलोपटक बालबालिकासम्बन्धी ऐन, २०४८ मा सुधारको आवश्यकता भएका बालबालिकाकालागि बालसुधारगृहहरू सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरिएको हो। यही व्यवस्था अन्तर्गत बालसुधारसेवा आवश्यक भएका बालबालिकाकालागि नेपालमा एउटा बालसुधारगृह सञ्चालन गरिएको छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्रमका रूपमा न्यूनतम सुविधिविहीन बालबालिकाको शैक्षिक कार्यक्रम (युसेप) नेपालले सानोठिमीमा सञ्चालन गरेको बालसुधारगृहमा कानुनको सम्पर्कमा आएका बालबालिका राख्नकालागि कारागार व्यवस्थापन विभागसँग पनि सम्झौता गरिएको छ। बालसुधारगृहमा अहिले मुलुकभरका न्यायिक निकायमा मुद्दा विचाराधीन र न्यायिक निकायबाट सजाय तोकिएका बालबालिका राखिएका छन्।

सन् २०१५ सम्ममा सबैलाई शिक्षा उपलब्ध गराउने लक्ष्यअनुरूप सरकारले शिक्षाको विस्तारमा विशेष प्रयास गरेको भए पनि एक दशक लामो द्वन्द्वलगायतका विभिन्न कारणले गर्दा शिक्षा सर्वसुलभ हुनसकेको छैन। विद्यालयमा स्वागत तथा विद्यालय भर्ना अभियान सञ्चालन गरिएकाले विद्यालय भर्ना हुने बालबालिकाको संख्यामा उल्लेखनीय वृद्धि भए पनि बीचैमा विद्यालय छाड्नेहरूको संख्यापनि उच्च नै रहेको छ।

सरकारले विशेषगरी दलित तथा सामाजिक विकासमा पछाडि परेको समुदायका बालबालिकालाई विद्यालयस्तरको पढाइ चालू राख्न प्रोत्साहित गर्ने उद्देश्यले छात्रवृत्ति लगायत विभिन्न उपाय अपनाएको छ। यस्ता अवसरहरूमा लक्षित समूहको पहुँच सुनिश्चित गर्ने कार्यमा भने अझै राम्रो सफलता प्राप्त भएको देखिँदैन।

नेपालको बालस्वास्थ्यसम्बन्धी नीतिहरूमा बालमृत्युदर कमगर्ने नीति प्रमुख रहेको छ। बालमृत्युदर कमगर्ने उद्देश्यले उपचारात्मक र प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गरिएका छन्। खोपसेवा लगभग शतप्रतिशत बालबालिकाले पाउन सकेको दाबी गरिए पनि जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार खोपसेवा पाएका बालक ७६.०२ प्रतिशत र बालिका ७४.९९ प्रतिशत छन्। खोपसेवामा बीसीजी, पोलियो, डीपीटी, दादुराको खोप र भिटामिन 'ए' कार्यक्रम समावेश गरिएको छ। बालबालिकाकालागि राष्ट्रिय स्तरमा एउटा मात्र बालअस्पताल छ। राजधानीबाहिर बालरोगविशेषज्ञहरूको ठूलो अभाव छ। एक दशक लामो सशस्त्र द्वन्द्वले स्वास्थ्यसेवामा पारेको प्रतिकूल प्रभावबाट बाल-स्वास्थ्यसेवा पनि प्रभावित भएको छ। विगतमा प्राथमिक उपचारका औषधि, खोपहरूजस्ता अति आवश्यक स्वास्थ्य सामग्री गाउँ/स्वास्थ्य केन्द्रहरूसम्म पुऱ्याउन सक्ने अवस्था थिएन।

नेपालमा एचआईभीबाट संक्रमित र एड्सबाट पीडित १९ वर्षमुनिका बालबालिकाको संख्या करिब १८ हजारभन्दा बढी रहेको छ। यो कुल एचआईभीबाट संक्रमित र एड्सबाट पीडितहरूको संख्याको १८ प्रतिशत हुन आउँछ। एचआईभीबाट संक्रमित र एड्सबाट पीडितहरूले सामाजिक अपहेलनाका भयले लुकाएर राख्ने गरेको र केहीले आत्महत्यासम्म गर्ने गरेको पाइएको छ। एचआईभी/एड्सबाट बढी संक्रमित/प्रभावित जिल्लाहरूमा अछाम, इलाम, डोटी र बाँके रहेका छन्।

नेपालमा कुल बालबालिकाको ४० प्रतिशत जनसंख्या कुपोषण र त्यसबाट लाग्ने विभिन्न रोगबाट ग्रसित रहेका छन्। नेपालमा कुल कुपोषित बालबालिकाको संख्या ३७ लाख ९० हजार ३ सय ५७ रहेको छ। यो नेपालको कुल बालबालिकाको ४० प्रतिशत हुन आउँछ।

नेपालमा खानेपानी र सरसफाइको सुविधा ५८.३४ ले मात्र उपभोग गर्न पाएका छ। यसअनुसार करिब ४१.६६ प्रतिशत घरधुरी सफा खानेपानीको सुविधाबाट वञ्चित छन्। पिउने पानीको गुणस्तरको परीक्षण वर्षमा एकपटक पनि गर्ने प्रचलन छैन। सफा खानेपानीको अभावले वर्सेनि झाडापखालाको प्रकोप देखापर्छ। यसबाट प्रभावित हुने जनसंख्यामा धेरै बालबालिका हुन्छन्। नेपाली बालबालिकाको मृत्यु हुने मुख्य कारणमा झाडापखाला पनि रहेको छ।

बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनका निम्ति सरकारले विभिन्न संस्थागत व्यवस्था गरेको छ। यसमा राष्ट्रिय योजना आयोगको सचिवालयमा बाल तथा महिला विकास शाखाको स्थापना, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना र केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिहरूको गठन प्रमुख रहेका छन्। वि.सं. २०५७ मा गठित राष्ट्रिय मानवअधिकार आयोगमा बालबालिकासम्बन्धी छुट्टै शाखा खोलिएको छ। यसैगरी बालअधिकार महासन्धिको कार्यान्वयन सुनिश्चित गर्नकालागि दसवर्षे राष्ट्रिय कार्ययोजना तर्जुमा गरिएको छ।

# विषयप्रवेश

## १.१ नेपाल र नेपाली बालबालिका

नेपाल भौगोलिक, सांस्कृतिक, भाषिक र धार्मिक बहुलता भएको मुलुक हो । जनसंख्याका दृष्टिमा विश्वका दुई ठूला मुलुकहरू भारत र चीनको बीचमा रहेकाले अपेक्षाकृत सानो लागेपनि विश्वका अरू देशहरुका तुलनामा क्षेत्रफल र जनसंख्याका दुवै आधारमा यो मध्यमस्तरको मुलुक हो । नेपाल अत्यन्त कम विकसित मुलुकहरूको सूचीमा रहेको छ । नेपालको ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको मानिन्छ । (आर्थिक सर्वेक्षण, २०६२/०६३) । सामाजिक विकासका दृष्टिले नेपाल विश्वमा १३७ औं स्थानमा रहेको छ । (राष्ट्रिय योजना आयोग, २०६२) । यसैगरी कुल जनसंख्याको ३४ प्रतिशतले प्रतिदिन प्रतिव्यक्ति १ अमेरिकी डलरभन्दा कम आर्जन गर्ने गरेको मानिन्छ । (केन्द्रीय तथ्यांक विभाग, २०६२) ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय २३ मा १६ वर्षमुनिका बालबालिकाको संख्या ९४ लाख ७५ हजार ८ सय ९४ अर्थात् ४०.९३ प्रतिशत रहेको थियो। वि.सं. २०६३ को अनुमानित जनसंख्या २ करोड ५३ लाख ४२ हजार ६ सय ३८ मध्ये १६ वर्षमुनिका बालबालिकाको संख्या ९६ लाख ६५ हजार ४ सय १३ पुगेको अनुमान गरिएको छ। **(केन्द्रीय तथ्यांक विभाग, २०६२)** ।

आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ उत्पादन १.९ प्रतिशतले घट्न गएको छ। प्रतिव्यक्ति आयमा पनि निकै कम वृद्धि भई अमेरिकी डलर ९ सय ११ पुगेको छ। नेपाल विश्वको मानवविकास सूचकांकमा १३७ औं स्थानमा रहेको छ। **(राष्ट्रिय योजना आयोग, २००५)** ।

नेपालको आर्थिक-सामाजिक विकासको गति मन्द भएकाले बालबालिकाको जीवनस्तरमा पनि अपेक्षित सुधार हुन सकेको छैन। सबैकालागि शिक्षाको लक्ष्य पूरा नहुने देखिएको छ। खोप अभियानहरू सञ्चालन गर्ने गरिएको भए पनि त्यसमा विभिन्न कारणले सबैको पहुँच पुग्न सकेको छैन। सामाजिक सुरक्षाप्रणालीको विकास भएको छैन। विभिन्न आधारमा हुने भेदभाव र तिरस्कारबाट पनि नेपाली बालबालिका प्रभावित भइरहेका छन् भने उनीहरू शोषणका पनि सिकार भइरहेका छन्।

द्वन्द्वका कारण हजारौंको संख्यामा बालबालिकाहरू परिवारसँगै वा एक्लै विस्थापित भएका छन् भने कतिपय सशस्त्र फौज वा समूहमा आबद्ध हुन पुगेका छन्। यस्ता बालबालिकाको बालापन मात्र हैन शिक्षा, स्वास्थ्य र विकासमा प्रतिकूल प्रभाव परेको छ। विस्थापित बालबालिका जोखिमपूर्ण श्रम, शोषण र बेचबिखनको जोखिममा परेका छन्। सशस्त्र फौज वा समूहको सम्पर्कमा भएका बालबालिकाको ज्यान नै जोखिममा हुन्छ भने उनीहरूमाथि शारीरिक-मानसिक रूपमा पनि प्रतिकूल प्रभाव पर्छ। **(अनवरत संघर्ष, २००४)** ।

## १.२ आशाका किरणहरू

नेपाली बालबालिकाका निम्ति वि.सं. २०६३ सालसँगै नौलो आशाको किरण देखापरेको छ। लोकतन्त्रको स्थापना, सशस्त्र द्वन्द्व स्थगन र शान्तिवार्ताको आरम्भले बालबालिकाको समग्र अवस्थामा सुधार हुने आशा पलाएको छ। यसले बालअधिकारको पूर्ण उपभोगकालागि आवश्यक हुने दिगो शान्ति र प्रगतिको आशा बढाएको छ। धेरै समयदेखि बन्द रहेका विद्यालयहरू खुल्न र सञ्चालन हुन थालेका छन्। ग्रामीण क्षेत्रमा लामो समयदेखि अवरुद्ध स्वास्थ्यसेवा पनि सुचारु भएबाट सञ्चालन हुने सम्भावना बढेको छ। शान्तिको सम्भावनासँगै ग्रामीण क्षेत्रबाट विस्थापितहरू घर फर्कने तरखरमा छन्। यसैगरी बालअधिकार र विशेषगरी द्वन्द्वप्रभावित, सशस्त्र फौज तथा सशस्त्र समूहसँग आबद्ध बालबालिकाको अधिकार, संरक्षण र विकासका सवालमा खुला छलफल थालनी भएको छ। सबै राजनीतिक शक्तिहरूले बालअधिकारका प्रति सार्वजनिक रूपमा प्रतिबद्धता व्यक्त गर्न थालेका छन्। नेपाली बालबालिकाको अवस्थाप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण भएको छ।



book.pmd 18 2/20/2007, 2:33 AM

यसले नेपाली बालबालिकाको भविष्य आशाप्रद बनाएको छ । आशाका किरणहरू देखिएका छन् । तैपनि नेपाली बालबालिकाको अवस्थाप्रति अपेक्षा गरिएजति संवेदनशीलता भने प्रकट भएको देखिएको छैन ।

## १.३ नेपालमा बालबालिकाको संख्या

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ३१ लाख ५१ हजार ४ सय २३ मध्ये १६ वर्षमुनिका बालबालिकाको संख्या ९४ लाख ७५ हजार ८ सय ९४ अर्थात् ४०.९३ प्रतिशत रहेको थियो । ती बालबालिकामध्ये बालकको संख्या ४८ लाख २९ हजार ८ सय ६३ अर्थात् ५०.९७ प्रतिशत रहेको थियो भने बालिकाको संख्या ४६ लाख ४६ हजार ३१ अर्थात् ४९.०३ प्रतिशत थियो । यसैगरी १८ वर्षमुनिको जनसंख्या २०५८ सालमा कुल १ करोड ९ लाख ९६ हजार ५२ अर्थात् कुल जनसंख्याको ४९.३६ प्रतिशत थियो । यी बालबालिकामा ५५ लाख ८२ हजार ६ सय ९६ अर्थात् ५०.७७ प्रतिशत बालक र ५४ लाख १३ हजार ३ सय ५६ अर्थात् ४९.२३ प्रतिशत बालिकाको संख्या थियो । यसरी हेर्दा १६ र १८ वर्षको जनसंख्यामा लगभग ८ प्रतिशत अन्तर देखिन्छ ।

*(केन्द्रीय तथ्यांक विभाग, २०६२) ।*

**तालिका १.१**

जनसंख्या, राष्ट्रिय जनगणना २०५८ अनुसार (प्रतिशत कोष्ठमा)

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| कुलजनसंख्या | २,३१,५१,४२३ (१००) | १,१५,६३,९२१ (४९.९५) | १,१५,८७,५०२ (५०.०५) |
| १६ वर्ष मुनिको जनसंख्या | ९४,६५,८९४ (१००) | ४८,२९,८६६ (४९.९५) | ४६,४६,०३१ (५०.०५) |
| १८ वर्ष मुनिको जनसंख्या | १,०९,९६,०५२ (४९.३६) | ५५,८२,६९६ (५०.७७) | ५४,१३,३५६ (४९.२३) |

### सशस्त्र द्वन्द्वका कारण बालबालिका विस्थापन

**१) स्वदेश फर्कनेभन्दा भारत जानेको संख्या धेरै**

बढी वि.सं. २०६१ सालको असार १९ देखि असोज १७ गतेसम्मको ३ महिनाको अवधिमा नेपालबाट भारततर्फ जाने बालबालिकाको संख्या १७ हजार ५ सय ८३ थियो । यस्तै २०६१ असोज १८ देखि मंसिर १९ गतेसम्मको ३ महिनामा नेपाल फर्कने बालबालिकाको संख्या ८ हजार २ सय १० मात्र थियो । असोज-मंसिर दसैंतिहारजस्ता चाडपर्व पर्ने महिना भएकाले त्यस अवधिमा स्वदेश फर्कनेको संख्या निकै बढी हुनुपर्दथ्यो । यसले मुलुकबाट विस्थापित हुने बालबालिकाको संख्या निकै बढी भएको स्पष्ट हुन्छ ।

**२) भारत जानुको प्रमुख कारण गरिबी र सशस्त्र द्वन्द्व**

भारत जाने बालबालिकामध्ये २४ प्रतिशतले भारत जानुको कारण सशस्त्र द्वन्द्व भएको बताए । यसैगरी अर्को ३६ प्रतिशतले भारत जानुको कारण गरिबी भएको बताएका थिए । भारत जाने बालबालिकामा कैलाली, दाङ, सुर्खेत, दैलेख र अछामजस्ता द्वन्द्वप्रभावित जिल्लाका बालबालिकाको संख्या बढी भएकाले पनि भारत जानुको प्रमुख कारण द्वन्द्व रहेको पुष्टि हुन्छ ।

**३) दलित बालबालिकाको अनुपात बढी**

नेपालको जनसंख्याको १३ प्रतिशत रहेका दलित समुदायका बालबालिका भारत जाने बालबालिकामा भने ३३ प्रतिशत थिए । यस्तै क्षेत्री समुदाय १७ प्रतिशत भए पनि भारत जाने क्षेत्री बालबालिकाको अनुपात ३० प्रतिशत थियो ।

**४) बालकको संख्या बढी**

अध्ययन अवधिमा भारतजाने बालबालिकामध्ये ८७ प्रतिशत बालक थिए । तिनमा १६-१७ वर्षका बालकको संख्या आधा थियो भने २५ प्रतिशत ११-१५ वर्षका थिए । उनीहरूले भरिया, मजदुरी र होटेलमा काम गर्ने बताएका थिए ।

**५) अधिकांश अशिक्षित**

भारत जाने बालबालिकामा ६५ प्रतिशत कहिल्यै विद्यालय नगएका थिए । उनीहरूले भारतमा पनि पढ्ने विचार नभएको बताए ।

**६) अभिभावक पनि साथैमा**

भारततर्फ जाने बालबालिकामा ८७ प्रतिशत कुनै न कुनै नातेदार वा अभिभावकका साथमा थिए । बाँकी १३ प्रतिशतमा भारत गइरहेका वा बढी उमेरका बालबालिका थिए ।

**७) ठूला सहरतर्फ**

भारत जाने अधिकांश बालबालिकाले भारतका ठूला सहर सिमला, देहरादुन, दिल्ली, मुम्बईतर्फ जाने बताएका थिए ।

**८) बिना कागजपत्र**

भारत गएका अधिकांश बालबालिकासँग कुनै कागजपत्र थिएन । कुनै न कुनै प्रकारका लिखित कागजपत्र हुने ४ प्रतिशत मात्र थिए ।



book.pmd 20 2/20/2007, 2:33 AM

## ९) अधिकांश फेरि भारत फर्कने

स्वदेश आएका बालबालिकामध्ये अधिकांशले फेरि भारत फर्कने बताए। उनीहरूमध्ये अधिकांश १ वर्षभन्दा बढी भारत बसिसकेका थिए भने फेरि भारत नै फर्कने बताएका थिए।

**स्रोत : एन इन्क्रिजिङ वेभ (२०६२)**

वि.सं. २०६३ को अनुमानित जनसंख्या २ करोड ५३ लाख ४२ हजार ६ सय ३८ मा पुरुषको संख्या १ करोड २६ लाख ८५ हजार ३ सय ७५ (५०.५३ प्रतिशत) र महिलाको संख्या १ करोड २६ लाख ५७ हजार २ सय ६३ (४९.४७ प्रतिशत) रहेको छ। वि.सं. २०५८ र २०६३ सालका बीचमा जनसंख्याको संरचनामा सामान्य परिवर्तन भई महिलाका अनुपातमा पुरुषको जनसंख्या बढेको छ। यसैगरी १६ वर्षमुनिका बालबालिकाको अनुपातमा पनि २.७९ प्रतिशत कम भएको देखिएको छ।

**(केन्द्रीय तथ्यांक विभाग, २०६२)**

**तालिका १.२**

२०६३ को अनुमानित जनसंख्या (प्रतिशत कोष्ठमा)

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| कुलजनसंख्या | २,५३,४२,६३८ (१००) | १,२६,८५,३७५ (५०.५३) | १,२६,५७,२६३ (४९.४७) |
| १६ वर्ष मुनिको जनसंख्या | ९६,६५,४१३ (३८.१४) | ४८,८३,९३३ (५०.५३) | ४७,८१,४८० (४९.४७) |

**स्रोतः केन्द्रीय तथ्यांक विभाग, (२०६२)**

नेपालमा सबैभन्दा बढी जनसंख्या मध्यमाञ्चल विकास क्षेत्रमा ३४ प्रतिशत रहेको देखिन्छ भने सुदुरपश्चिमाञ्चलमा सबैभन्दा कम १०.३ प्रतिशत बालबालिका रहेका छन्।

**तालिका १.३**

विकास क्षेत्रका आधारमा १६ वर्षमुनिको बालजनसंख्या

| क्षेत्र | १६ वर्षमुनिका जनसंख्या | |
|---|---|---|
| | अंकमा | प्रतिशत |
| पुर्वाञ्चल | २१,५१,०२८ | २२.७ |
| मध्यमाञ्चल | ३२,२१,८०४ | ३४.०० |
| पश्चिमाञ्चल | १९,२३,६०६ | २०.०३ |
| मध्यपश्चिमाञ्चल | १२,०३,४३९ | १२.७ |
| सुदुरपश्चिमाञ्चल | ९,७६,०१६ | १०.३ |

**स्रोतः केन्द्रीय तथ्यांक विभाग, (२०५८)**

भौगोलिक क्षेत्रका आधारमा हेर्दा नेपालको कुल बालजनसंख्याको ४८.१ प्रतिशत तराईमा र हिमाली क्षेत्रमा ६.५ प्रतिशत मात्र बालजनसंख्या रहेको देखिन्छ ।

**तालिका १.४**
भौगोलिक प्रदेशअनुसार नेपालको बालजनसंख्या

| क्षेत्र | १६ वर्षमुनिको जनसंख्या | |
|---|---|---|
| | अंकमा | २००१ |
| हिमाल | ६,१५,९३३ | ६.५ |
| पहाड | ४२,८३,१०४ | ४५.१ |
| तराई | ४५,७६,८५७ | ४८.३ |

स्रोतः केन्द्रीय तथ्यांक विभाग, (२०५८)

## १.४ बालबालिकाको बसाइ

नेपाली समाजमा पारिवारिक सम्बन्ध निकै बलियो रहेको मानिन्छ । अधिकांश अर्थात् ८७.६४ प्रतिशत बालबालिका आफ्ना आमाबाबु वा अभिभावकसंगै बस्छन् । अभिभावक र नजिकको नातेदारपछि रोजगारदाताहरुसंगै बस्ने श्रमिक बालबालिका ०.६६ प्रतिशत रहेको देखिएको छ । यसले बालश्रमिकको संख्या उल्लेख्य भएको र त्यस्ता बालश्रमिकहरु अनौपचारिक क्षेत्रमा कार्यरत रहेको संकेत गर्दछ ।

**तालिका १.५**
बालबालिकाको बसाई : कोसंग कति बस्छन्

| कोसंग | कतिजना | प्रतिशत |
|---|---|---|
| अभिभावक | ८३,०५,२३० | ८७.६४ |
| आमा | ५,२५,८८७ | ५.५४ |
| बुवा | १,१४,३५१ | १.२० |
| बुवा र सौतेनी आमा | ७८,८४३ | ०.८३ |
| आमा सौतलो बुवा | ६४,४४२ | ०.६८ |
| अन्य नातेदार | ८९,८१३ | ०.९४ |
| रोजगार दाता | ६३,२३१ | ०.६६ |
| अन्य | २३,४१०१ | २.४७ |
| कुल संख्या | ९४,७५,८९८ | १०० |

स्रोतः केन्द्रीय तथ्यांक विभाग, (२०५८)



book.pmd 22 2/20/2007, 2:33 AM

परिच्छेद-२

# बालबालिकाको अवस्था

## २.१ पहिचानको अधिकार : जन्मदर्ता

जन्मदर्ताले बालबालिकाको पहिचानको अधिकार सुरक्षित गर्दछ । बालअधिकारसम्बन्धी महासन्धिको धारा ७ मा जन्मदर्ता, नाम राख्न पाउने, राष्ट्रियता, आमाबाबुको परिचय र उनीहरूबाट स्याहारसुसार पाउने अधिकार भएको उल्लेख गरिएको छ । जन्मदर्ता तथ्यांकीय प्रयोजनकालागि व्यक्तिगत घटना अभिलेखको अंगका रुपमा महत्त्व त छँदैछ, बालअधिकार संरक्षण र प्रचलनकालागि झन् महत्त्वपूर्ण र उपयोगी छ ।

नेपालमा कुल बालजनसंख्यामध्ये ३३ प्रतिशत बालबालिकाकोमात्र जन्मदर्ता भएको छ । जन्मदर्ता गरिएका बालबालिकामा बालकको प्रतिशत ५१.६ प्रतिशत छ भने बालिकाको अनुपात ४८.४ प्रतिशत रहेको छ । यस अन्तरले छोरा र छोरीका बीचमा परिवारमा नै भेदभाव गरिने पुष्टि गर्छ ।

**तालिका २.१**
जन्मदर्ता लिंगको आधारमा

| लिङ्ग | प्रतिशत |
|---|---|
| बालक | ५१.६ |
| बालिका | ४८.४ |

स्रोतः केन्द्रीय बाल कल्याण समितिको जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३

## जन्मदर्ता नहुनुको मुख्य कारणमा

- चेतना र प्रचार प्रसारको कमी वा जन्मदर्ताको महत्त्व थाहा नहुनु ।
- गा.वि.स. कार्यालयहरू गाउँबाट विस्थापित हुनु
- जन्मदर्तालाई बालबालिकाको पहिचानको अधिकारका रुपमा महत्व नदिइनु ।

स्रोत : केन्द्रीय बाल कल्याण समितिको जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३

## बालापनको रक्षा : बालअधिकारको व्यवस्था

**अधिकारहरू महासन्धिका धारा**

- भेदभावविरूद्धको अधिकार : (धारा २, ३०)
- बालबालिकाको सर्वोत्तम हितको अधिकार (३, १८)
- जीवन र विकासको अधिकार (६)
- पहिचान, नाम, जन्म दर्ता तथा राष्ट्रियताको अधिकार (७, ८)
- पारिवारिक सम्बन्ध र आमाबाबुको हेरचाह पाउने अधिकार (५, ७, ८, ९, १०, १८, २१, २५)
- अवैध ओसारपसार र धर्मसन्तानका बन्नबाट संरक्षित हुने अधिकार (११, २१)
- अभिव्यक्ति, विचार, आस्था र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार (१२, १३, १४)
- संगठन खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार (१५)
- घर, परिवार र सम्पर्क गोप्य राख्न पाउने अधिकार (१६)
- सूचनामा पहुँचको अधिकार (१७)
- दुर्व्यवहार र तिरस्कारबाट संरक्षित हुने अधिकार (१९)

- पारिवारिक वातावरणबाट वञ्चित हुन नपर्ने अधिकार (२०, २२)
- सशस्त्र द्वन्द्वबाट संरक्षित हुने अधिकार (२२, ३८, ३९)
- अपांगता भएका बालबालिकाको विशेष हेरचाह पाउने अधिकार (२३)
- स्वस्थ रहन पाउने र स्वास्थ्य सेवामा पहुँचको अधिकार (२४)
- सामाजिक सुरक्षाको अधिकार (२६)
- मानवोचित जीवनस्तरको अधिकार (२७)
- शिक्षा सम्बन्धी अधिकार (२८, २९)
- विश्राम, कला र संस्कृति तथा खेलकूद तथा मनोरञ्जनको अधिकार (३१)
- बालश्रम, बेचबिखन, यौन तथा अरू प्रकारको शोषण र लागूपदार्थ दुर्व्यसनबाट संरक्षित हुने अधिकार (३२, ३६, ३९)
- कानुनको उल्लंघन गरेको भए पनि सम्मान र मर्यादा पाउने अधिकार (४०)

स्रोतः युनिसेफ (२००५)

संरक्षण सम्बन्धी अधिकार : बालबालिकालाई देहायबमोजिमका कार्यबाट संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ :

(क) क्रुर र यातनापुर्ण एवं अमर्यादित व्यवहार,

(ख) शारीरिक चोटपटक वा असर पुर्‍याउने, आतंकित गर्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने, मानसिक वा संवेगात्मक पीडा दिने समेतका दुर्व्यवहार,

(ग) यौन दुर्व्यवहार, यौन शोषण, बेचविखन र ओसारपसार

(घ) थुना, कैद, एकान्त कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(ङ) भिक्षा माग्ने काममा लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारणा गराउने,

(च) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कहि कतै कसैको नाउमा चडाउने वा समर्पण गर्ने,

(छ) सुरक्षा फौज वा सशस्त्र समुहमा भर्ना, युद्धसामग्री वा रसद बन्दोबस्त समेत अन्य कुनै सामाग्रीको ओसार पसार, सशस्त्र संघर्षसंग सम्बन्धित सूचना आदानप्रदान वा सांस्कृतिक क्रियाकलाप, युद्धसम्बन्धी कला कौशल लगायत सशस्त्र संघर्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुने वा गर्ने वा गराउने

(ज) इच्छाविपरीत वा जोखिमपूर्ण काममा संलग्न हुने वा प्रयोग गर्ने गराउने ।

(झ) राजीखुशी वा इच्छाविपरीत अङ्ग प्रत्यापोरण

(ञ) बालविवाह गर्ने गराउने

(ट) बालबालिकामाथि घर, विद्यालय वा अन्य कुनै स्थानमा हुने शारीरिक, मानसिक एंव संवेदनात्मक दण्ड, पीडा वा हानी पुर्‍याउने ।

# २.२ जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका

## २.२.१ सशस्त्र विद्रोह र बालबालिका

द्वन्दको मार बालबालिकामाथि बढी पर्छ। नेपालको एक दशक लामो सशस्त्र विद्रोहको पनि सबैभन्दा बढी मार बालबालिकामाथि परेको छ। वयस्कहरू लडाई गर्दछन्। युद्धमा कहिले जित्छन् कहिले हार्छन्। युद्धका बेला बालबालिकाको भने सधैं नै हार भइरहेको हुन्छ। नेपाली बालबालिका पनि यसको अपवाद हुन पाएनन्।

सशस्त्र विद्रोहका क्रममा ज्यान गुमाउने, अपांग हुने र टुहुरा हुने बालबालिकाको संख्या निकै ठूलो छ। युद्धविरामपछि पनि अलपत्र छाडिएका विस्फोटक पदार्थका कारण ४ जना बालबालिकाको ज्यान गएको छ भने २५ जना बालबालिका घाइते भएका छन्।

स्रोत : बालबालिका अझै उपेक्षित, २०६३

- **सशस्त्र विद्रोहबाट मारिएका बालबालिकाको संख्या २३० रहेको छ ।**
- **विद्रोहका कारण अपाङ्ग हुने बालबालिकको संख्या १०७ जना रहेको छ ।**
- **सशस्त्र विद्रोहका कारण आमाबाबु दुवै वा कुनै एकलाई गुमाउनुपरेकाले टुहुरा हुन पुगेका बालबालिकाको संख्या ४ हजार ४८ रहेको छ । यस्ता बालबालिकाको संख्या बर्दिया, दाङ, इलाम, सुर्खेत, कञ्चनपुर, नवलपरासी, बाग्लुङ र सिन्धुपाल्चोकमा बढी रहेको छ ।**



**तालिका २.२**

सशस्त्र द्वन्दमा आमाबाबु गुमाएका बालबालिका

| जिल्ला | संख्या |
|---|---|
| बर्दीया | १,४८७ |
| दाङ | ५०० |
| ईलाम | १८७ |
| सुर्खेत | १२० |
| कन्चनपुर | १२५ |
| नवलपरासी | १५० |
| बाग्लुङ | ११७ |
| सन्धुपाल्चोक | ६०० |
| अन्य जिल्ला | ७४२ |

स्रोतः केन्द्रीय बाल कल्याण समिति, २०६३



book.pmd 26 2/20/2007, 2:33 AM

# द्वन्द्वको घाउमा संरक्षणको मलहम

द्वन्द्वबाट बालबालिका सबैभन्दा बढी प्रभावित हुन्छन् । शारीरिक, मानसिक र सामाजिक कारणले पनि बालबालिका बढी जोखिममा हुन्छन् । उनीहरुमाथि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा द्वन्द्वले थुप्रै प्रकारका दबावहरू पार्दछ । विशेषगरी हिंसाका कारण बालबालिकाको शिक्षा र स्वास्थ्यका अधिकारहरू हनन् हुन्छन् भने परिवारको विखण्डन, अभिभावकहरूको पलायन, विस्थापन र बसाइँसराइ आदिका कारण बालबालिकाले चर्को शारीरिक र मानसिक बोझ एवं पीडा सहनुपर्ने हुन्छ । सन् १९९६ देखि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले नेपालमा सुरू गरेको सशस्त्र विद्रोहको चपेटामा नेपाली बालबालिकापनि परेका छन् ।

द्वन्द्वबाट बढी प्रभावित जिल्लाका बालबालिकाको बालअधिकारको संरक्षण र द्वन्द्वका अवधिमा पनि बाल विकासका कार्यक्रम र गतिविधिलाई निरन्तरता दिन केन्द्रीय बाल कल्याण समितिले सेभ द चिल्ड्रेन नर्वेको सहयोगमा विभिन्न २५ जिल्लामा द्वन्द्व प्रभावित बालबालिकाको संरक्षण र विकास कार्यक्रम सञ्चालन गरेको छ । यस परियोजनाको मुख्य उद्देश्य सशस्त्र द्वन्द्वका कारण जोखिममा परेका र बालापन खोसिएका बालबालिकाको सर्वोत्तम हितकालागि संरक्षणका उपायहरू अपनाउनु हो ।

द्वन्द्व प्रभावित बालबालिका संरक्षण तथा विकास कार्यक्रम मुलुकका २५ जिल्लामा लागू गरिएको छ । यी २५ जिल्लामा पूर्वाञ्चल विकास क्षेत्रका २, मध्यमाञ्चल विकास क्षेत्रका २, पश्चिमाञ्चल विकास क्षेत्रका ८, मध्यपश्चिमाञ्चल विकास क्षेत्रका १० र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ३ जिल्ला रहेका छन् । यी जिल्लामा जिल्ला र गाउँ तहमा बाल संरक्षण समितिहरु गठन गरिएका छन् । यस द्वन्द्व प्रभावित बालबालिका संरक्षण तथा विकास कार्यक्रममा आकस्मिक मानवीय सहयोग गर्ने, जोखिममा परेका बालबालिकाको संरक्षण र सम्पर्क कायम गर्ने, द्वन्द्वका कारण घाइते भएका र अन्य पीडित बालबालिकाको उपचारको व्यवस्थाआदि क्रियाकलापहरू भएका छन् । यसैगरी छात्रवृत्ति, विद्यालय भर्ना अभियान, बाल स्वास्थ्यका आधारभूत सेवमा सहयोग र बालअधिकारको प्रचारप्रसार गरी जनचेतना वृद्धि गर्ने कार्यपनि यस कार्यक्रम अन्तर्गत भएका छन् । विशेषगरी द्वन्द्व प्रभावित बालबालिकालाई आकस्मिक मानवीय सहयोग, टुहुरा र परित्यक्त बालबालिकालाई बालगृहहरुमा प्रेषण, जन्म दर्ता अभियानको सञ्चालन, भयाक्रान्त र दूर्व्यवहारको सिकार भएका बालबालिकालाई मनोसामाजिक विमर्श मानव अधिकारवादी र सुरक्षाकर्मीहरुलाई बाल अधिकार शिक्षा, बारूदी सुरूङका बारेमा जानकारीजस्ता क्रियाकलापहरू भए गरिएका छन् ।

(केन्द्रीय बालकल्याण समिति (२०६३) अप्रकाशित प्रतिवेदन ।)

द्वन्द्व स्थगित भए पनि सशस्त्र फौज वा सशस्त्र समूहसँग आबद्ध बालबालिकाको बालापन फर्काउन सकिएको छैन । त्यस्ता अधिकांश बालबालिका अझै पनि सशस्त्र समूहसँग रहेको मानिएको छ । बालबालिकालाई शान्ति क्षेत्रका रूपमा मान्यता दिने प्रतिबद्धता प्रमुख राजनीतिक दलहरू र सशस्त्र विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले प्रकट गरे पनि सशस्त्र समूहसँग आबद्ध बालबालिकालाई घर फर्काउने विषयमा अन्योल कायमै छ । यस अन्योलको एउटा कारण कुन कुन कोटीका बालबालिकालाई सशस्त्र फौज वा समूहसँग आबद्ध बालबालिका मान्ने भन्ने स्पष्ट नहुनु पनि हो ।

## सशस्त्र फौज वा सशस्त्र समूहसँग आबद्ध बालबालिकाको परिभाषा

- यस शब्दले सशस्त्र समूह वा सशस्त्र फौजमा संलग्न भएका १८ वर्षमुनिका सबै बालबालिकालाई जनाउँछ । यस किसिमका सशस्त्र समूहहरू नियमित वा अनियमित दुवै प्रकारका हुन सक्तछन् र त्यस्ता बालबालिका सशस्त्र समूह वा सशस्त्र फौजको कुनै भाग वा सोसँग सम्बन्धित कार्यमा कुनै पनि हैसियतमा संलग्न भएको हुनसक्तछन् । यस्तो संलग्नता सशस्त्र संघर्षमा नै हुनुपर्दैन ।

- यस शब्दावलीले विशुद्ध पारिवारिक सदस्यबाहेकका पहिले हतियार बोकेका वा हाल हतियार बोकिरहेका बालबालिकाका साथै सशस्त्र द्वन्द्वसँग सम्बद्ध घरेलु कामदार, भरिया, सुराकी, जासुक, विपरीत पक्षको भेषधारी, दूत, पहरेदार र यिनीहरूसँग हिँड्ने सबैलाई जनाउँछ ।

- यस शब्दावलीले युवक र युवतीहरू, यौन सनतुष्टिका वा बाध्यात्मक विवाहकालागि भर्ना गरिएका बालबालिका र बलपूर्वक पत्नी बनाइएकाहरूलाई लगायत सशस्त्र समूह वा फौजमा आफूखुसी वा जबर्जस्ती भर्ना गरिएका सबै बालबालिकालाई समेट्छ ।

(अनवरत संघर्ष, २००४)





book.pmd 28 2/20/2007, 2:33 AM

परिच्छेद-३

# विशेष संरक्षण

## ३.१ अपांगता भएका बालबालिका

विश्वमा अपांगता भएका व्यक्तिको संख्या कुल जनसंख्याको सालाखाला १० प्रतिशत हुने मानिन्छ । नेपालमा विभिन्न अध्ययनहरुले अपांगता भएका व्यक्तिहरुको संख्या कुल जनसंख्यको १.६ देखि ८.९ प्रतिशत भएको देखाएका छन् । (सेभ द चिल्ड्रेन नर्वे ( नेपाल, २००४) । नेपालमा अपांगता भएका १६ वर्ष मुनिका बालबालिकाको संख्या ३४ हजार ६३० रहेको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको छ । यी मध्येमा शारीरिक अपांगता भएका बालबालिकाको संख्या १४ हजार ८७६, दृष्टिविहीन बालबालिका ४ हजार ६६५, बहिरा बालबालिका ८ हजार ५५१, बौद्धिक अपांगता भएका ३ हजार ६७८ र अरू विभिन्न प्रकारका र बहु अपांगता भएका बालबालिकाको संख्या २ हजार ८६० रहेको छ । अपांगता भएका बालबालिका मध्ये बालकको संख्या १७ हजार ९०२ र बालिकाको संख्या १६ हजार ७२८ जना रहेको देखाइएको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) । राष्ट्रिय जनगणनाको यस तथ्याङ्कलाई अपांगता क्षेत्रमा क्रियाशील संघसंस्था र विज्ञहरूले न्यून गणनाको रूपमा लिएका छन् ।

अपाङ्गता भएका बालबालिका विशेष आवश्यकतामा शिक्षा, स्वास्थ्य र अरू सामाजिक सेवामा पहुँच, सामाजिक सुरक्षाको प्रत्याभूति, जीवनमूलक सीपको शिक्षा आदिको व्यवस्था भने पर्याप्त हुन सकेको छैन । अपांगता भएका बालबालिका शिक्षा र स्वास्थ्यकोमात्र हैन खेलकुद र मनोरञ्जनको अधिकारबाट पनि वञ्चित भएका छन् । (सेभ द चिल्ड्रेन नर्वे नेपाल, पूर्ववत्) । बालबालिकामा अपांगताको अनुपातको वर्गीकरण गर्दा सबैभन्दा धेरै शारीरिक अपांगता हुनेको संख्या देखिन्छ भने सबैभन्दा कम बहुअपांगता हुनेहरूको संख्या रहेको छ ।

**तालिका ३.१**

अपांगता भएका बालबालिका

| अपाङ्गको किसिम | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| शारीरिक अपांगता हुनेको संख्या | १४,८७६ | ४२.८५ |
| बहिरा | ८,५५१ | २४.६८ |
| दृष्टिविहीन | ४,६६५ | १३.४७ |
| बौद्धिक अस्वस्थता | ३,६७८ | १०.६२ |
| बहु अपाङ्गता | २,८६० | ८.२५ |
| कुल | ३४,६३० | |

(स्रोतः अपाङ्ग आवाज मासिक, २०६३ पुर्णाङ्क ५३)

अपांगता भएका बालबालिकाको पुनर्स्थापना र शिक्षाकालागि विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाले समाहित शिक्षा, समुदायमा आधारित पुर्नस्थापना जस्ता विभिन्न कार्यक्रमहरु सञ्चालन गरेका छन् । समाहित शिक्षाको मूल उद्धेश्य अपांगता भएका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नु रहेको छ । परन्तु, एक अनुमानका अनुसार नेपालमा २०६१ सालमा विद्यालयमा अध्ययन गर्ने अपांगता भएका बालबालिकाको संख्या १० हजार रहेको थियो । नेपालमा विद्यालय जाने कुल जनसंख्या ५७ लाख ४६ हजार ८४२ रहेको शिक्षा तथा खेलकुद मन्त्रालयको तथ्याङ्कका आधारमा विद्यालय जाने अपांगत भएका बालबालिका ०.१७ प्रतिशत मात्र हुन्छ ।

(स्रोतः सेभ द चिल्ड्रेन नर्वे-नेपाल, पूर्ववत्)

## विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका

शारीरिक, मानसिक वा सामाजिक कारणले केही बालबालिकाका आवश्यकता अरूको भन्दा विशेष प्रकारको हुनसक्तछ । जस्तो सुकै अवस्थामा रहेका भए पनि उनीहरूलाई आधारभूत बालअधिकार उपलब्ध गराउनु राज्यको दायित्व हो । यसैले विशेष आवश्यकता

भएका बालबालिकालाई विशेष हेरचाह र संरक्षणको पनि आवश्यकता हुन्छ । सामान्यत: निम्नअनुसारका बालबालिकालाई विशेष हेरचार र संरक्षण आवश्यक हुने मानिन्छ :-

(क) घर वा वसोवास र हेरचाहको स्थायी ठेगाना नभएका एवं जीविकोपार्जनको व्यवस्था नभएका,
(ख) शारीरिक वा मानसिक पीडा भोगिरहेका वा जीवन नै जोखिममा रहेका,
(ग) अति वा पूर्ण अशक्त अपांगता भएर वा दीर्घ वा असाध्य रोगी भई हेरचाह वा पालनपोषण गर्ने कोही नभएका,
(घ) बाबुआमा, हकवाला वा नातेदार भए पनि बालबालिकाको हेरचाह गर्न असक्षम भएका,
(ङ) बाबु, आमा दुबै नभएका एवं कसैले पनि हेरचाह नगरेका वा बाबुआमाबाट परित्यक्त वा परिवारबाट बिछोडिएका, भागेका र खोजतलास पश्चात् पनि बाबु आमा फेला नपरेका,
(च) यौन शोषण, यौन दुर्व्यवहार वा वेचविखनबाट पीडित एवं जोखिममा रहेका,
(छ) गैरकानुनी काममा संलग्न रहेका वा त्यस्तो काममा संलग्न हुन सक्ने जोखिममा रहेका वा कानुनको सम्पर्कमा आएका बालबालिका,
(ज) एचआईभी/एड्सबाट संक्रमित,
(झ) जर्वजस्ती वा जोखिमपूर्ण श्रममा संलग्न रहेका,
(ञ) प्राकृतिक प्रकोप, मानवीय प्रकोप एवं सशस्त्र द्वन्द्वबाट पीडित,
(ट) बलपूर्वक सन्यासी, भिक्षु, फकीर वा अन्य भेष धारण गराइएका वा देवतालाई चढाइएका ।

## ३.२. शरणार्थी बालबालिका

नेपालमा शरणार्थीका रूपमा स्वीकार गरिएका १८ वर्षमुनिका बालबालिकाको संख्या ४१ हजार रहेको छ (लुथरान, २००२) । बालअधिकारसम्बन्धी महासन्धि (१९८९) मा शरणार्थी बालबालिकालाई कुनै पनि भेदभावबाट संरक्षण गर्ने राज्यको दायित्व किटान गरिएको भए पनि नेपालमा शरणार्थी बालबालिकाप्रति लक्षित कार्यक्रम पाइँदैन ।

## ३.३ बालश्रमिक

बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ ले नेपालमा १४ वर्षमुनिका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउन निषेध गरेको छ । यसैगरी १६ वर्ष पूरा नगरेका बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन पनि यही ऐनले निषेध गरेको छ । बालश्रमको स्पष्ट परिभाषा र देशव्यापी सर्वेक्षण नभएकाले नेपालमा बालश्रमिकको संख्या किटान गर्न सजिलो छैन । अन्तर्राष्ट्रिय श्रम संगठनको एक अनुमान अनुसार नेपालमा बालश्रमिकहरूको संख्या २६ लाख रहेको छ । तीमध्ये करिब १ लाख २७ हजार बालबालिका

जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न रहेका छन् । (अन्तर्राष्ट्रिय श्रम संगठन, २००२) सामान्यतः बालबालिकाले कुनै काम गर्दा वा गराउँदा उनीहरूको शिक्षा, शारीरिक वा मानसिक स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने भएमा त्यसलाई बालश्रम मान्ने गरिन्छ ।

बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ ले बालबालिकालाई ललाइफकाई वा झुक्याएर वा अन्य कुनै प्रलोभनमा वा डर, त्रास, वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकका रूपमा काममा लगाउन पनि निषेध गरेको छ । यस ऐनले निषेध गरेको कार्य गर्ने अर्थात् १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउने, १६ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउने र बालबालिकाको इच्छाविरुद्ध श्रम गर्न बाध्य तुल्याउनेलाई सजायको पनि व्यवस्था गरेको छ । (अन्तर्राष्ट्रिय श्रम संगठन, पूर्ववत्)

वि.सं. २०३८ देखि २०५८ सालसम्म औसत रूपमा १० देखि १४ वर्षसम्म उमेर समूहका बालबालिकामध्ये २०.१५ प्रतिशत आर्थिक रूपले सक्रिय रहेको पाइएको थियो भने २०५८ सालमा १० देखि १४ वर्षका बालबालिकामध्ये २८.८ प्रतिशत आर्थिक रूपमा सक्रिय थिए । यसले मूलतः गुजाराकालागि श्रम गरेर आर्जन गर्न बाध्य बालबालिकाको संख्यामा वृद्धि हुँदै गएको पुष्टि हुन्छ ।

## नेपालमा बालश्रम : एक झलक

**नेपालमा ५ देखि १४ वर्षसम्म करिब २६ लाख बालबालिका बालश्रमिकका रूपमा कार्यरत छन् । यीमध्ये १० देखि १४ वर्षको उमेर समूहका बालश्रमिकमा बालकभन्दा बालिकाको संख्या दोब्बर रहेको पाइन्छ । (अन्तर्राष्ट्रिय श्रम संगठन, २००२) । यसले पनि नेपाली समाजमा छोरा र छोरीका बीचमा भेदभाव गर्ने व्यवहार विद्यमान रहेको पुष्टि गर्दछ ।**

**केन्द्रीय बाल कल्याण समितिमा प्राप्त जिल्ला अनुगमन सूचकांकको विश्लेषणमा वर्ष भरिमा बालश्रमिकहरुमाथि ४० वटा शोषण र दुर्व्यवहारका घटना भएका छन् । शोषण वा दुर्व्यवहारका धेरै घटना विभिन्न कारणले प्रकाशमा नआउने हुनाले यस्तो घटना निकै बढी हुनसक्ने अनुमान गर्न सकिन्छ । (केन्द्रीय बाल कल्याण समिति, २०६३ पूर्ववत्)**

**बालबालिकाको कुल जनसंख्यामध्ये ०.५४ प्रतिशत बालबालिका बालश्रमिकका रुपमा कार्यरत छन् । धेरैजसो बालश्रमिकहरु घरेलु काममा संलग्न छन् भने अन्य होटेल व्यवसाय, भरियामा संलग्न छन् ।**

**(केन्द्रीय बाल कल्याण समिति, २०६३, पूर्ववत्)**

**तालिका ३.२**

आर्थिक रूपले सक्रिय १० देखि १४ वर्षसम्मका बालबालिकाले गर्ने काम

| काम | संलग्न बालबालिको प्रतिशत |
|---|---|
| कृषि तथा माछापालन | ६१.५ |
| अर्धदक्ष काममा | २८.८ |
| विक्रेता | ६.५ |
| सेवा उद्योगमा | २.१ |
| कार्यालय सहायक | ०.२ |
| उत्पादन क्षेत्रमा | ०.२ |
| काम नखुलेको | ०.२ |

स्रोत : केन्द्रीय तथ्यांक विभाग, (२००३)

## ३.४ सडकबालबालिका

बर्सेनि करिब ५ हजार बालबालिका घर छाडेको वा छोडाइएको कारण सहरबजार क्षेत्रमा गएर सडकमा बस्ने वा काम गर्ने गर्दछन्। त्यस्ता बालबालिकालाई सडकबालबालिका भन्ने गरिन्छ। नेपालमा मुलुकका विभिन्न जिल्लाबाट बर्सेनि पाँच सय बालबालिका काठमाडौंका सडकमा आउने गरेको अनुमान छ। (सिविन, २००६) विगत एक दशकदेखि देशमा चर्केको सशस्त्र द्वन्द्वका कारण धेरै बालबालिका सहरी क्षेत्रमा या विदेश (खासगरी भारत) पलायन भएका छन्। करिब ८ हजार बालबालिका सशस्त्र द्वन्द्वका कारण आफू जन्मेको गाउँठाउँबाट विस्थापित भएका छन्। यसरी सडकमा आइसकेपछि यिनीहरूले माग्ने, प्लास्टिक कागज संकलन गर्ने, पाकेट मार्ने, चोरीमा संलग्न हुने गर्दछन्। (सिविन, २००४)

काठमाडौंका सडकबालबालिकाको लिंगगत विश्लेषण हेर्दा बालिकाको संख्या ४.०४ प्रतिशत मात्र रहेको पाइन्छ। यसको मूल कारण छोरीलाई घरबाहिर निस्कनमा नदिन बढी नियन्त्रणमा राखिने परम्परा नै हुन सक्तछ।

**तालिका ३.३**

सडकबालबालिकाको लिङ्गगत विवरण

| क्र.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बालक | ७३७ | ९५ |
| २. | बालिका | ३१ | ४.०४ |
| | कूल | ७६८ | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति, (२०६३)

सडकबालबालिकामध्ये ११-१५ वर्ष उमेरकाको संख्या अरू उमेर समूहभन्दा बढी (४७.५७ प्रतिशत) रहेको पाइएको छ। यसपछि १६ वर्ष माथिको उमेरका सडकबालबालिका ३९.८४ प्रतिशत र ५-१० वर्ष उमेर समूहका बालबालिका ११.५९ प्रतिशत रहेका छन्।

**तालिका ३.४**

सडकबालबालिकाको उमेरको विवरण

| क्र.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५-१० वर्ष | ८९ | ११.५९ |
| २. | ११-१५ वर्ष | ३७३ | ४८.५७ |
| ३. | १६ वर्ष भन्दा माथि | ३०६ | ३९.८४ |
| | जम्मा | ७६८ | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति, (२०६३)

सडकमा आएका बालबालिका धेरैजसो ५१.४३ प्रतिशत मध्यम परिवारबाट आएको देखिएको छ। ठूलो परिवारबाट आउनेको संख्या अपेक्षाकृत निकै कम ४.९५ प्रतिशत छ। सानो परिवारका सडकबालबालिकाको अनुपात पनि उत्तिकै ठूलो संख्यामा (४३.६२ प्रतिशत) रहेको छ।

**तालिका ३.५**

परिवारको आकारका आधारमा सडकबालबालिकाको विवरण

| क्र.सं. | परिवारको किसिम | सन्तान संख्याको आकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | सानो परिवार | ३ जनासम्म | ३३५ | ४३.६२ |
| २. | मध्यम परिवार | ४-७ | ३९५ | ५१.४३ |
| ३. | ठूलो परिवार | ८-११ | ३८ | ४.९५ |
| | | कूल | ७६८ | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति, (२०६३)

बालबालिका सडकमा आउनुपर्ने कारणमा सबैभन्दा बढी ३३.५९ प्रतिशत पारिवारिक दुर्व्यवहार रहेको छ । गरिबीका कारण सडकमा आएको बताउनेहरूको अनुपात २६.३२ प्रतिशत रहेको छ। सशस्त्र द्वन्द्वका कारण सडकमा आएको बताउनेहरूको संख्या भने २.६२ प्रतिशत रहेको छ।

**तालिका ३.६**

बालबालिकाले घर छोड्नुपर्ने कारणहरू

| क्र.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पारिवारिक दूर्व्यवहार | | ३३.५९ |
| २. | गरिबी | | २६.३२ |
| ३. | साथीभाइको संगत | | १४.८९ |
| ४. | अभिभावकले काम गर्न पठाएको | | ४.३३ |
| ५. | आफूखुशी | | ४.०६ |
| ६. | आमाको मृत्यु भएर | | ३.१० |
| ७. | वर्तमान द्वन्द्वले गर्दा | | २.६२ |
| ८. | घरमा बद्मासी गरेकोले | | १.२० |
| ९. | उत्तर दिन नचाहेको | | ९.८९ |
| | जम्मा | ७६८ | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति, (२०६३)

## ३.५ बाल यौनशोषण तथा दूर्व्यवहार

ग्रामीण क्षेत्रबाट रोजगारको खोजीमा सहरी क्षेत्रमा आउने बालबालिका यौनशोषणको मारमा पर्ने गरेको पाइन्छ । विशेषगरी घरेलु हिंसा र द्वन्द्वका कारणले ग्रामीण भेगबाट सहरमा आउने बालिकामध्ये केही यौन व्यवसायमा संलग्न हुन बाध्य भएको अध्ययनहरूले देखाएका छन् । नेपालको सहरी क्षेत्रमा १६ वर्षमुनिका करिब ५ हजार बालिका यौन व्यवसायमा संलग्न रहेको अनुमान छ । (अन्तर्राष्ट्रिय श्रम संगठन, पूर्ववत्) । सामान्यतया यौनशोषण तथा दूर्व्यवहारका घटनाहरू लाज, डर र अरू विभिन्न सामाजिक-सांस्कृतिक कारणले सार्वजनिक गर्न हिचकिचाउने प्रचलन छ। त्यसैले यति नै बाल यौनशोषण र दुर्व्यवहारका घटनाको संख्यात्मक किटान गर्न सकिँदैन । केन्द्रीय बाल कल्याण समितिको जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार विभिन्न ५० जिल्लामा बाल यौनशोषण र दुर्व्यवहारबाट पीडित बालिकाको संख्या १ सय ८९ रहेको थियो । बाल यौनशोषण र दुर्व्यवहारमा ७३ जना बालकहरू संलग्न रहेका र तिनमा १४ वर्षका बालकहरू पनि रहेका थिए ।

बालयौन दुर्व्यवहारमा बलात्कार, जबर्जस्ती विवाह वा देहव्यापारमा लगाउनेजस्ता अपराधहरूका साथै शरीरमा नछोईकन गरिने दुर्व्यवहार पनि पर्दछन् ।

**तालिका ३.७**

बालयौन दुर्व्यवहार भोगेका बालबालिका प्रतिशत र बालयौन दुर्व्यवहारका प्रकारहरु

| बालयौन दूर्न्यवहारको प्रकारहरू | काठमाण्डौ उपत्यका | | | काठमाण्डौ बाहिर | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| नछोइकन गरिने दूर्न्यवहार | | | | | | |
| छाडा शब्दको प्रयोग | ४५ | ५७ | २७ | ३४ | ३६ | ३१ |
| अश्लिल पत्रपत्रिका | २९ | ३५ | २०.४ | २५.८ | २५.८ | २५.९ |
| गोप्य अङ्गहरू हेर्ने वा हेर्न लगाउने | | ३५ | २९ | २२.२ | १७ | २८.२ |
| छोएर गरिने दूर्न्यवहार | | १३ | १४.५ | १४.४ | ११ | १८ |
| जोखिम उमेर | ११-१४ वर्ष | | | ११-१४ वर्ष | | |

स्रोतः घिमिरे (२००६)

## ३.५.१ बालबालिकाको बेचबिखन र ओसारपसार

नेपालमा बालबालिकाको बेचबिखनको समस्या सबै भौगोलिक र विकास क्षेत्रमा विद्यमान छ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले पाँच विकास क्षेत्रका विभिन्न २६ जिल्लाहरूलाई मानव बेचबिखनको जोखिम भएका जिल्लाका रूपमा पहिचान गरेको छ । बेचबिखन गरिएका व्यक्तिहरूका सम्बन्धमा तथ्यांकमा भने निकै भिन्नता पाइन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनको एक प्रतिवेदनअनुसार बर्सेनि यौनशोषणको उद्देश्यले १२ हजार व्यक्तिको बेचबिखन ओसारपसार हुने गरेको छ भने परम्परागत तथ्यांकमा यस्तो संख्या ५ देखि ७ हजार रहेको मानिँदै आएको छ । अर्को अनुमानअनुसार भारतका वेश्यालयहरूमा मात्रै २ लाख नेपाली चेलीहरू रहेका छन् । महिला र बालिकासम्बन्धी अध्ययनहरूले बेचबिखनपीडितमध्ये ७२ प्रतिशत बालिका १८ वर्षमुनिका रहेको देखाएका छन् । बालिकाहरूमा बेचबिखनको सबैभन्दा बढी जोखिममा रहेको उमेर समूह ११-१८ वर्ष (७५ प्रतिशत) रहेको छ भने त्यसपछि १९-२५ को उमेर समूह (१८.३ प्रतिशत) रहेको छ । बेचबिखनको जोखिममा रहेका बालकहरूका हकमा ६ देखि १२ वर्षका बालकहरू सबैभन्दा बढी (८० प्रतिशत) जोखिममा रहेका छन् भने त्यसपछि १२-१८ उमेर समूहका बालकहरू (२० प्रतिशत) रहेका छन् । (राष्ट्रिय मानवअधिकार आयोग, २०६३ मा (आईआईडीएस र युनिफेम, २००४), (आईएलओ/ओरेक, २००२) बाट उद्धृत )



book.pmd 36 2/20/2007, 2:33 AM

## नेपालका सन्दर्भमा
## मानव बेचबिखनको प्रस्तावित परिभाषा

**मानव बेचबिखन भन्नाले 'कुनै पनि मानवलाई देशभित्र वा बाहिर, आर्थिक लाभ वा अन्य लाभ लिने उद्देश्यले ललाइफकाई वा डर, बल प्रयोग गरी वा दबाब दिई, अन्य प्रकारले जोरजुलुम गरी वा अपहरण गरी वा छलकपट गरी वा धोका दिई वा अधिकारको दुरूपयोग गरी वा जोखिम अवस्थाको फाइदा लिई वा प्रलोभनमा पारी वा अन्य कुनै तरिकाले परिपञ्च मिलाई नियन्त्रणमा राख्ने व्यक्तिले नियन्त्रणमा रहेको व्यक्तिको स्वीकृति लिई वा नलिई जुनसुकै किसिमको शोषणकालागि ओसारपसार वा भर्ना वा किनबेच वा स्थानान्तरण (हस्तान्तरण) वा आश्रय प्रदान गर्नु वा व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिनु वा त्यस्तो गर्ने व्यक्तिलाई सहयोग पुऱ्याउनु भन्ने बुझिन्छ ।**

**शोषण भन्नाले बालबालिकाको हकमा सहमति लिएर पनि वा अन्य व्यक्तिका हकमा सहमतिबिना यौन व्यवसायमा लगाई वा अन्य प्रकारले गरिने यौनशोषण वा घरेलु कामदार वा सर्कसमा प्रयोग वा छलकपटयुक्त विवाह वा उँट सवारी (क्यामल जकिङ) वा अन्य कार्यका लागि बाध्यात्मक वा बँधुवा वा दासता वा दासतापूर्ण श्रम वा सेवाका लागि उपयोग गर्नु/ गराउनु वा शरीरका अंगहरु निकाल्नु वा ग्रहण गर्नु वा नेपालको संविधान, ऐन, कानुन, वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा उल्लिखित अन्य गैरकानुनी श्रम गर्नु/ गराउनुसमेतलाई बुझाउँछ ।**

**राष्ट्रिय मानवअधिकार आयोग, (२०६३)**

जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार २०६३ साल जेठ महिनाको अन्त्यसम्ममा ३ सय ३९ बालबालिकाको बेचबिखन र ओसारपसार घटना भए । सबभन्दा बढी यस्ता घटना इलाम, सिन्धुपाल्चोक र तेह्रथुम जिल्लामा भएको देखिएको छ । बेच्न लागिएका १० जना बालबालिकालाई गैरसरकारी संस्था तथा स्थानीय प्रशासनको सहयोगमा उद्धार गरिएको थियो ।

### ३.५.२ बालविवाह

नेपालमा बालविवाहको प्रचलन धेरै पहिलेदेखि रहिआएको छ । हाल सहरी क्षेत्रमा बालविवाह निकै कम भएको छ भने दूर्गम ग्रामीण क्षेत्रमा यसको प्रचलन अझै सामान्य नै छ । कानुनले विवाहको न्यूनतम उमेर अभिभावकको स्वीकृति भए १८ वर्ष र स्वीकृति बेगर २० वर्ष निर्धारण गरे पनि समाजमा यसको खासै पालना भएको पाइँदैन । एक अध्ययनअनुसार कुल विवाहमध्ये १५ वर्षभन्दा मुनिका बालकबालिकाको विवाहको अनुपात ३४ प्रतिशत रहेको छ । जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार सुनसरी जिल्लामा बालविवाहको घटना धेरै भएको देखिएको छ । विशेष गरी गरिब, जनजाति, दलित, आदिवासीमा बालविवाहको प्रचलन बढी रहेको देखिएको छ ।



book.pmd 37 2/20/2007, 2:33 AM

## ३.६ बालबालिकाविरुद्ध भेदभाव र तिरस्कार

नेपाली समाजमा मानिसमानिसका बीचमा जात, लिंग, धर्म, वर्ग, उमेर र अपाङ्गता आदिका आधारमा विभेद गर्ने प्रचलन विद्यमान रहेको पाइन्छ । नेपाली बालबालिकाले सहनुपर्ने भेदभाव र तिरस्कारमा मूलतः लैंगिक, शारीरिक अवस्था र जातिका आधारमा गरिने भेदभाव हो । नेपाली समाजमा अझै पनि छोरा र छोरीका बीचमा भेदभाव गर्ने र छोरालाई प्राथमिकता दिने प्रचलन कायमै छ । यसले बालिकाहरूको शिक्षा, स्वास्थ्य, सामाजिक स्तर, सहभागिता र विकासका सम्भावनाहरूमा प्रतिकूल प्रभाव पार्ने गरेको छ । (राष्ट्रिय मानवअधिकार आयोग (२०६३) । शिक्षा, स्वास्थ्य र सामाजिक विकासका सूचकहरूमा यस्तो भेदभाव स्पष्ट देखापर्दछ ।

यस्तै नेपाली समाजको ठूलो हिस्सामा जन्मका आधारमा कुनै जातिलाई कथित छुवाछूतको प्रथा धेरै लामो समयदेखि नै चल्दै आएको छ । राज्यले वि.सं. २०२० सालमा नै छुवाछूत उन्मूलनको घोषणा गरे पनि मुलुकका अधिकांश भागमा हालसम्म यो समस्या विद्यमान छ । प्रतिनिधिसभाले नेपाललाई छुवाछूतको कुप्रथाबाट मुक्त गर्ने र छुवाछूतलाई दण्डनीय अपराध बनाउने संकल्प पारित गरेको छ । दलित र गैरदलित बालबालिकालाई जातपातका आधारमा गरिने भेदभावले दलित बादबालिकाले भेदभाव र तिस्कार सहनुपरेका घटनाहरू सञ्चार माध्यममा आइरहेका हुन्छन् । यस्तै छोरालाई पढ्न पठाउने परिवारमा छोरीलाई काममा लगाउने प्रचलन रहेको पनि पाइएको छ । यसैगरी अपांगता भएका बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा सहज पहुँचको व्यवस्था छैन । बालबालिकाले सहनुपरेका भेदभाव र तिरस्कार हटाउनकालागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट चेतनामूलक कार्यक्रम, छात्रवृत्ति, असहाय छात्रवृत्ति, समाहित र विशेष शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

## ३.७ धर्मसन्तानसम्बन्धी

जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ अनुसार गत आर्थिक वर्षमा ३० जना बालबालिकालाई धर्मसन्तानका रूपमा ग्रहण गरिएको थियो । यसरी धर्मसन्तान लिनेदिने गरिएकामध्ये बझाङ, बाँके, म्याग्दी, धादिङ जिल्लाबाट धेरै जना रहेका छन् । देशभित्रको धर्मसन्तान लिनेदिने गरिएको संख्या यसभन्दा बढी हुन सक्तछ । यस्तो घटनाको जानकारी नदिइने र विदेशीलाई धर्मसन्तान दिने कार्यलाई प्राथमिकता दिइने, प्रक्रियागत रूपमा धर्मसन्तान लिने दिने कार्य अझै हुन नसकेकाले पनि यस्तो आन्तरिक धर्मसन्तान लिनेदिनेको संख्या कम देखिएको हुन सक्तछ ।

**तालिका ३.८**

विगत ५ वर्षमा धर्मसन्तानका रूपमा विदेश पठाइएका बालबालिकाको विवरण

| देशको नाम | बालबालिकाको संख्या |
|---|---|
| इटाली | २२६ |
| स्पेन | २१३ |
| अमेरिका | १७७ |
| फ्रान्स | १३५ |
| जर्मनी | ११२ |
| नर्वे | २२ |
| स्वीट्जरल्याण्ड | २३ |
| दी नेदरल्याण्ड | १४ |
| डेनमार्क | १० |
| बेल्जियम | ८ |
| अष्ट्रेलिया | १ |
| क्यानडा | ६ |
| अष्ट्रिया | ३ |
| स्विडेन | १ |
| फिनल्याण्ड | १ |
| बेलायत | ५ |

स्रोत : महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०६३ ।

विदेशीलाई धर्मसन्तान दिने कार्य महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमार्फत हुने गरेको छ । वर्षको सरदर ४ सय जनाको हाराहारीमा नेपाली बालबालिका विभिन्न युरोपेली मुलुकहरू र अमेरिकामा जाने गरेको देखिएको छ । विदेशमा धर्मसन्तानका रूपमा लैजान दिने प्रक्रिया बढी व्यवस्थित भएकाले त्यसको तथ्यांक उपलब्ध छ ।

वि.सं. २०५७ वैशाख ६ गतेदेखि २०६१ चैत मसान्तसम्म धर्मसन्तानका रूपमा विदेश गएका नेपाली बालबालिकाको संख्या ९ सय ५८ रहेको छ । धर्मसन्तानका रूपमा विदेश गएका बालबालिकामा बालक ४ सय २५ जना र बालिका ५ सय ३३ जना रहेका छन् । धर्मसन्तान लिनेदिनेको प्राथमिकतामा आधारित अध्ययन भएको देखिँदैन तापनि माथिको तथ्यांकले नेपाली समाजमा विद्यमान छोरालाई बढी रुचाउने प्रचलनलाई पुष्टि गरेको देखिन्छ ।

परिच्छेद-४

# सामाजिक सेवामा पहुँच

## ४.१ शिक्षाको अवसर

नेपालमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि सरकारले प्राथमिक शिक्षा निःशुल्क घोषणा गरेको छ । प्राथमिक विद्यालयमा सुरुदेखि कक्षा ५ सम्मको पढाइ हुन्छ । यस्ता विद्यालयमा पूर्वप्राथमिक कक्षा वा शिशुकक्षाहरु पनि समावेश हुन सक्तछन् । माध्यमिक स्तरको पढाइ ३ तहमा हुन्छ । निम्नमाध्यमिक तहमा ६, ७ र ८ कक्षाको, माध्यमिकस्तरमा ९ र १० तथा उच्चमाध्यमिक स्तरमा ११ र १२ कक्षाको पढाइ हुन्छ ।

नेपालमा अधिकांश विद्यालय सार्वजनिक क्षेत्रबाट सञ्चालित छन् । त्यस्ता सामुदायिक विद्यालयहरूमा नियमित सरकारी अनुदान पाउने र पटके सहायता वा सहुलियत शिक्षक दरबन्दी मात्र पाउने गरी २ प्रकारका छन् । हालैका दिनमा शिशुकक्षा वा पूर्वप्राथमिक तहको विद्यालयको संख्यामा ३ वर्षभित्र १ सय ७६.६ प्रतिशत वृद्धि भएको पाइन्छ । वि.सं. २०६० सालमा १ हजार ४ सय ७१ वटामात्र रहेको शिशुकक्षा वा पूर्वप्राथमिक विद्यालयको संख्या २०६२ सालमा ४ हजार ६९ पुगेको छ । (शिक्षा विभाग, २०६३)

छात्रवृत्ति कार्यक्रम, विद्यार्थीलाई अनुदान, निःशुल्क पाठ्यपुस्तक, विद्यालयमा स्वागत कार्यक्रमजस्ता विभिन्न उपाय अपनाइएका कारण शिक्षामा सबैको पहुँच र लैंगिक समतालाई प्रेरित गरेको छ । फलस्वरूप शैक्षिक वर्ष २०६२ मा कक्षा १ मा भर्ना हुनेहरूको संख्यामा मात्रै २२ प्रतिशत वृद्धि भएको छ । (शिक्षा विभाग, पूर्ववत्) । वि.सं. २०६० सालमा पूर्वप्राथमिक/शिशु कक्षाका विद्यार्थीहरूमा ४४.२ प्रतिशत बालक थिए । यसैगरी बालिकाको संख्या प्राथमिक विद्यालयमा ४५.४ प्रतिशत, निम्नमाध्यमिक तहमा ४३.६ प्रतिशत र माध्यमिक तहमा ४३.८ प्रतिशत रहेको छ ।

**तालिका ४.१**

विद्यालयगत भर्नातालिका

| तह | २०६० साल | | २०६१ साल | | २०६२ साल | |
|---|---|---|---|---|---|---|
| | जम्मा | बालिकाको प्रतिशत | जम्मा | बालिकाको प्रतिशत | जम्मा | बालिकाको प्रतिशत |
| पूर्वप्राथमिक शिशुकक्षा | २,५७,१२१ | ४४.२ | ५,१२,१५१ | ४६.० | ८,२२,५५७ | ४६.२ |
| प्राथमिक | ४०,२५,६८२ | ४५.४ | ४०,३०,०४५ | ४६.३ | ४५,०२,६८७ | ४७.४ |
| निम्नमाध्यमिक | १२,१०,०५८ | ४३.६ | १४,४४,८८७ | ४५.२ | १३,७४,७८६ | ४५.७ |
| माध्यमिक | ५,११,०८२ | ४३.८ | ५,८७,५६६ | ४४.३ | ५,८७,१७७ | ४५.७ |

स्रोत : शिक्षा विभाग, २०६३

विद्यालयमा भर्ना हुनेहरूको संख्या उल्लेख्य रहेजस्तै बीचैमा विद्यालय छाड्नेको अनुपात पनि उच्च नै रहेको छ । वि.सं. २०६० सालमा कक्षा १ मा भर्ना भएकामध्ये ५९.७ बालबालिका मात्र कक्षा ५ सम्म पुगेका थिए । यसरी कक्षा ५ मा पुग्ने बालबालिकामा बालक ५९.३ र बालिका ६०.२ प्रतिशत थिए । त्यसपछिका दुई वर्षमा भने यो संख्यामा सामान्य वृद्धि भएको छ । विद्यालय पूरा गर्ने दरलाई शिक्षाप्रणालीको प्रगति मापन गर्ने मुख्य आधार मान्ने गरिएको छ । (शिक्षा विभाग, पूर्ववत्)



book.pmd 42 2/20/2007, 2:33 AM

**तालिका ४.२**
विद्यालय भर्ना भएकामध्ये कक्षा ५ सम्म पुगेनेहरु

| वर्ष | जम्मा विद्यार्थी | बालक प्रतिशत | बालिका प्रतिशत |
|---|---|---|---|
| २०६० | ५८.७ | ५८.३ | ६०.२ |
| २०६१ | ७६.२ | ७२.४ | ८०.६ |
| २०६२ | ७८.१ | ८२.१ | ७५.८ |

स्रोत : शिक्षा विभाग, (पूर्ववत्)

नेपालजस्तो महिला र पुरुषका बीचमा चर्को असमानता भएको मुलुकमा शिक्षामा लैंगिक समतामा जोड सबैका लागि शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हुने गर्दछ। वि.सं. २०६० मा प्राथमिक तहमा बालक र बालिकाका बीचको लैंगिक समता सूचकांक ०.८६ रहेकोमा २०६२ सालमा ०.९५ अर्थात् लगभग बराबर हुन पुगेको थियो । प्राथमिक तहमा लैंगिक समता सूचकांक उत्साहजनक देखिए पनि निम्नमाध्यमिक र माध्यमिक तहमा भने अझै असमानता विद्यमान देखिन्छ । निम्नमाध्यमिक तहमा २०६० मा ०.८३ रहेको लैंगिक समता सूचकांक २०६२ सालमा घटेर ०.८१ मा झरेको छ । माध्यमिक तहमा भने छात्राहरूको भर्ना अनुपात बढी रहेको छ । वि.सं. २०६० सालमा ०.८० रहेको लैंगिक समता सूचकांक २०६२ सालमा ०.८६ पुगेको छ । शिक्षा विभाग, (पूर्ववत्)

**तालिका ४.३**
तहगत आधारमा लैंगिक समता सूचकांक विसं. २०६०-२०६२

| तह | २०६० | २०६१ | २०६२ |
|---|---|---|---|
| प्राथमिक | ०.८६ | ०.९१ | ०.९५ |
| निम्नमाध्यमिक | ०.८३ | ०.८५ | ०.८६ |
| माध्यमिक | ०.८० | ०.८२ | ०.८६ |

स्रोत : शिक्षा विभाग, पूर्ववत्

## छात्रवृत्ति वितरण

छात्रवृत्ति वितरण गर्नुको उद्देश्य विशेषगरी दलित र बालिकालाई विद्यालयमा नियमित उपस्थितिका लागि प्रोत्साहित गर्नु र पहुँच बढाउनु हो । यी कार्यक्रमहरुको उद्देश्य सामान्यतः गरिब र सुविधाविहीन परिवारलाई बालबालिका पढाउन लाग्ने खर्चको बोझ उठाउन सघाउनु हो । सरकारले बालिका र दलित विद्यार्थीप्रति लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गरेको छ । यस्ता छात्रवृत्ति कार्यक्रमको उद्देश्य लक्षित समूहका बालबालिकाको भर्ना र कक्षामा उनीहरुको उपस्थिति बढाउनु पनि हो । सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गतको छात्रवृत्ति कार्यक्रमको लक्षित समूह निम्नअनुसार छन् :-

- सबै दलित बालबालिकाका लागि दलित छात्रवृत्ति ।
- विद्यालय भर्ना भएकामध्ये ५० प्रतिशत बालिकाकालागि बालिका छात्रवृत्ति ।
- सबै प्रकारका अपांगता भएका विद्यार्थीका लागि छात्रवृत्ति ।
- सहिदका सन्तानका लागि छात्रवृत्ति ।
- द्वन्द्वका कारण टुहुरा भएका बालबालिकाका लागि आवासीय छात्रवृत्ति ।
- प्राथमिक तहमा सडकबालबालिकाका लागि सहयोग ।

शिक्षा तथा खेलकुद मन्त्रालय/शिक्षा विभागले निम्नप्रकारको छात्रवृत्ति प्रदान गर्ने गरेको छ :

- पूर्ण र आंशिक छात्रवृत्ति ।
- दुर्गम क्षेत्रका भाषिक र जातीय अल्पसंख्यक समुदायका छात्राकालागि आवासीय छात्रवृत्ति ।
- अपांगता भएका विद्यार्थीकालागि छात्रवृत्ति ।
- दलित विद्यार्थीलाई माध्यमिक शिक्षा निःशुल्क गराउनका लागि दलित बालबालिका पढ्ने विद्यालयलाई अनुदान सहयोग ।

वि.सं. २०६२ मा ४ लाख १ हजार ८ सय ३२ छात्रवृत्ति वितरण गरिएको थियो जसमा ५० प्रतिशत बालिकाले पाएका थिए । यस्तै दलित विद्यार्थीहरुका लागि ४ लाख ४ हजार ५ सय ७२ छात्रवृत्ति प्रदान गरिएको थियो । यसमध्ये १ लाख ७१ हजार ३ सय ८० छात्रवृत्ति दलित बालिकाले पाएका थिए । सहिदका सन्तान र द्वन्द्वपीडित बालबालिकाकालागि वितरित ८ सय ५१ छात्रवृत्तिमा ४ सय ५४ बालिकाले पाएका थिए । अपांगता भएका विद्यार्थीले पाएको २ हजार ८ सय ३७ छात्रवृत्तिमा ३ सय ८३ बालिकाले पाएका थिए ।

नेपालमा सरकारी अनुदान पाउने, सरकारको नियमित अनुदान नपाउने, सामुदायिक र संस्थागत विभिन्न चार प्रकारका विद्यालय सञ्चालित छन् । सबै तहमा बहुसंख्यक विद्यार्थी सरकारी अनुदानप्राप्त विद्यालयमा पढ्ने गरेको देखिन्छ । निम्नमाध्यमिक र माध्यमिक तहमा भने सरकारी अनुदान नपाउने र संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको अनुपात बढेको देखिन्छ । (शिक्षा विभाग पूर्ववत्) सहरी क्षेत्रमा संस्थागत विद्यालय धेरै सञ्चालित छन् ।

निजी क्षेत्रले सञ्चालन गर्ने त्यस्ता विद्यालयहरु सरकारी अनुदानमा सञ्चालित विद्यालयभन्दा महंगा हुने गर्दछन् । निम्नमाध्यमिक र माध्यमिक तहमा संस्थागत विद्यालयमा विद्यार्थीको अनुपात बढी हुनुको अर्थ निम्नमाध्यमिक र माध्यमिक तहमा गाउंका र गरीब परिवारका बालबालिकाको उपस्थिति घट्दै जानु नै हो ।

**तालिका ४.४**
वि.सं. २०६२ मा विभिन्न प्रकारका विद्यालयमा विद्यार्थीको प्रतिशत

| तह र किसिम | अनुदान पाउने | अनुदान नपाउने | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| प्राथमिक | ८७.४ | २.५ | ४.१ | ६.० |
| निम्नमाध्यमिक | ७८.४ | ११.५ | २.५ | ७.६ |
| माध्यमिक | ७८.६ | ९.८ | १.९ | ९.७ |

स्रोत : केन्द्रीय बाल कल्याण समिति, (२०६३)

# ४.२ स्वास्थ्य, पोषण र खानेपानी

## ४.२.१ बालस्वास्थ्य

नेपालमा सरकारी स्तरबाट जनस्वास्थ्यसँग सम्बन्धित नीति र कार्यक्रम तेस्रो पञ्चवर्षीय योजना (वि.सं. २०२२-२०२६) देखि प्रारम्भ भएको हो । पञ्चवर्षीय योजनाहरुमा समावेश गरिएका बालस्वास्थ्यसम्बन्धी नीतिहरुमा बाल मृत्युदर कम गर्ने नीति प्रमुख रहेको छ । बाल मृत्युदर कम गर्ने उद्धेश्यले उपचारात्मक र प्रतिरोधात्मक कार्यक्रम सञ्चालन गरिएका छन् ।

बालबालिकाकालागि राष्ट्रिय स्तरमा एउटा मात्र बालअस्पताल छ । राजधानीबाहिर बालरोग विशेषज्ञहरुको ठुलो अभाव छ । एक दशक लामो सशस्त्र द्वन्द्वले स्वास्थ्यसेवामा पारेको प्रतिकुल प्रभावबाट बालस्वास्थ्यसेवापनि प्रभावित भएको छ । विगतमा प्राथमिक उपचारका औषधी, खोपजस्ता अति आवश्यक स्वास्थ्य सामाग्री गाउँ/स्वास्थ्य केन्द्रहरूसम्म पुर्‍याउन सक्ने अवस्था थिएन ।

## बालस्वास्थ्यसम्बन्धी रणनीतिहरू

- स्वास्थ्य सुविधा तथा खोप विस्तार कार्यक्रममार्फत खोपसेवा उपलब्ध गराउने ।
- पोलियो उन्मूलन र दादुरा नियन्त्रणका लागि अतिरिक्त खोप कार्यक्रम सञ्चालन ।
- गर्भवती आमा र नवजात शिशुलाई टिटानस उन्मुलनकालागि खोप कार्यक्रम प्रारम्भ ।
- खोप कार्यक्रम अनुगमनप्रणालीलाई सुदृढीकरण ।
- गा.वि.स. स्तरीय तथ्याङ्क संकलन, वर्गीकरण र कार्यक्रमको प्राथमिकीकरण ।
- विभिन्न तहमा खोप कार्यक्रमको पुनरावलोकन तथा सुझाव संकलन ।
- जिल्लास्तरीय योजना तर्जुमा गर्ने ।
- खोपद्वारा रोक्न सकिने रोगहरूको निगरानी विस्तार तथा सुदृढीकरण ।
- उपयुक्त सकारात्मक प्रयासबाट खोपद्वारा रोक्न सकिने रोगहरूको संक्रमण नियन्त्रण गर्ने ।
- सुचना, शिक्षा तथा सञ्चार कार्यक्रम र व्यवहार परिवर्तनात्मक कार्यक्रम परिचालन गरी खोपसेवा सम्बन्धीत जनचेतना अभिबृद्धि गर्ने ।
- ७५ जिल्लामा शीभण्डार क्षमताको (कोल्ड चेन) विस्तार र त्यसको प्रयोग निश्चित गर्ने ।
- नियमित खोपसेवा कार्यक्रम मार्फत ७५ जिल्लामा हेपाटाईटिस बी खोपको विस्तार गर्ने ।

■ टेट्राभ्यलेन्ट (डीपीटी-हेप बी) खोपको आरम्भ गर्ने ।
■ स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान गर्ने ।
■ सहयोगात्मक सुपरीवेक्षण क्रियाकलाप सुदृढीकरण गर्ने ।

बालस्वास्थ्य नीतिमा बाल मृत्युदर घटाउनका लागि विशेष जोड दिने गरिएको पाइन्छ । बाल तथा शिशु मृत्युदर कम गर्ने प्रमुख उपायका रूपमा खोपसेवालाई लिइएको छ । आर्थिक वर्ष २०६१/०६२ मा १ वर्षमुनिका बालबालिकामध्ये ९० प्रतिशतलाई खोपसेवा पुऱ्याउने लक्ष्य रहेकोमा बीसीजी ९२.४ प्रतिशत, डीपीटी ८० प्रतिशत र पोलियो थोपा ८३ र दादुराको ७९.३ प्रतिशतम मात्र पुग्न सकेको छ । (स्वास्थ्य विभाग, २०६१-६२)

**तालिका ४.५**

खोप अभियान : लक्ष्य तथा उपलब्धि

| क्र.स. | क्रियाकलाप | एकाई | लक्ष्य | उपलब्धि | लक्ष्य उपलब्धि(%) |
|---|---|---|---|---|---|
| १ | बी.सी.जी. खोप | शिशु | ७,३५,३३९ | ६,७९,५८४ | ९२.४ |
| २ | डी.पी.टी. १ खोप | शिशु | ७,३५,३३९ | ६,३५,०५६ | ८६.३ |
| ३ | डी.पी.टी. २ खोप | शिशु | ७,३५,३३९ | ६,०३,१६५ | ८२.० |
| ४ | डी.पी.टी. ३ खोप | शिशु | ७,३५,३३९ | ५,८८,५८३ | ८०.० |
| ५ | हेपाटाइटिस १ खोप | शिशु | ७,३५,३३९ | ५,०४,२९० | ६८.६ |
| ६ | हेपाटाइटिस २ खोप | शिशु | ७,३५,३३९ | ४,४९,५५८ | ६१.१ |
| ७ | हेपाटाइटिस ३ खोप | शिशु | ७,३५,३३९ | ४,०८,६०५ | ५५.६ |
| ८ | पोलियो १ | शिशु | ७,३५,३३९ | ६,५२,२०९ | ८८.६ |
| ९ | पोलियो २ | शिशु | ७,३५,३३९ | ६,२६,३२० | ८५.१ |
| १० | पोलियो ३ | शिशु | ७,३५,३३९ | ६,१०,४४६ | ८३.० |
| ११ | दादुरा खोप | शिशु | ७,३५,३३९ | ५,८२,८१८ | ७९.३ |
| १२ | टी.टी २ | गर्भवती महिला | ९,२०,६४८ | ४,१३,०२९ | ४४.९ |
| १३ | दादुराविरूद्धको अभियान ७५ जिल्लामा | १५ वर्षमुनिका बालबालिका | ९४,२३,८६६ | ९८,३९,७२३ | १०४.० |
| १४ | दादुराविरूद्धको अभियानमा पोलियो थोपा | ५ वर्षमुनिका बालबालिका | ४२,१२,८१२ | ४०,९२,४१७ | ९७.० |
| १५ | विशेष खोप अभियान १४ जिल्लामा | ५ वर्षमुनिका बालबालिका | ४,४४,७२८ | ४,४०,८०१ | ९९.० |
| १६ | विशेष खोप अभियान २४ जिल्लामा | ५ वर्षमुनिका बालबालिका | ४,४४,७२८ | ४,३७,९९९ | ९८.० |
| १७ | पोलियो एसएनआईडी १ अभियान, १७ जिल्लामा | ५ वर्षमुनिका बालबालिका | १९,४४,८१६ | १८,८४,४०३ | ९७.० |
| १८ | पोलियो एसएनआईडी, ९ जिल्लामा (पूर्वक्षेत्र र मध्यक्षेत्रका तराईका जिल्ला) | ५ वर्षमुनिका बालबालिका | ११,४४,७३८ | ११,०५,४७० | ९७.० |

स्रोत : वार्षिक प्रतिवेदन २०६१/६२, स्वास्थ्यसेवा विभाग



book.pmd 46 2/20/2007, 2:33 AM

नेपालमा कुल बालबालिकाको ४० प्रतिशत जनसंख्या कुपोषण र त्यसबाट लाग्ने विभिन्न रोगबाट ग्रसित छन् । नेपालमा कुल कुपोषित बालबालिकाको संख्या ३७ लाख ९० हजार ३ सय ५७ रहेको छ । यो नेपालको कुल बालकबालिकाको ४० प्रतिशत हुन आउँछ ।

(केन्द्रीय तथ्यांक विभाग, २०६०)

### ४.२.२ खानेपानी

नेपालमा खानेपानी र सरसफाइ सुविधा ५८.३४ ले मात्र उपभोग गर्न पाएका छन् । (केन्द्रीय तथ्यांक विभाग, २०५८) यसअनुसार करिब ४१.६६ प्रतिशत घरधुरी सफा खानेपानीको सुविधाबाट वञ्चित छन् । पिउने पानीको गुणस्तरको परीक्षण भने वर्षमा एकपटक पनि गर्ने प्रचलन छैन । सफा खानेपानीको अभावले बर्सेनि झाडापखालाको प्रकोप देखापर्छ । यसबाट प्रभावित हुने जनसंख्यामा धेरै बालबालिका हुन्छन् । नेपाली बालबालिकाको मृत्यु हुने मुख्य कारणमा झाडापखाला पनि रहेको छ । स्रोतका आधारमा सबैभन्दा धेरै ५२.९४ प्रतिशतले धाराको पानी प्रयोग गर्ने गरेको देखिन्छ ।

**तालिका ४.६**

पिउने पानीको स्रोतको वर्गीकरण घरधुरीका आधारमा

| प्रयोग | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| धारा | २२,०९,७६० | ५२.९४ |
| ईनार | ३,७७,२४१ | ९.०४ |
| ट्युबवेल | ११,८४,१५६ | २८.३७ |
| मूलपानी (स्पाउट वाटर) | २,६७,१८० | ६.४ |
| खोला नदी | ६१,४०० | १.४७ |
| अन्य | ३७,२३२ | ०.८९ |
| उल्लेख नगरिएको | ३७,४८९ | ०.८९ |
| कूल घरधुरी संख्या | ४१,७४,४५८ | १०० |

## ४.३ नेपाली बालबालिका र एचआईभी/एडस्

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २००० मा नेपालमा १ लाखभन्दा बढी जनसंख्या एचआईभी र एड्सबाट प्रभावित थिए । ९० प्रतिशतभन्दा बढी संक्रमण विपरीत लिंगीबाट भएको तथ्य फेला परेको छ । नेपालको खुला सिमाना तथा वर्षभरि नै भारतमा रोजगारी गर्न जाने व्यक्तिहरू, अरबियन मुलुकमा काम गर्न जाने व्यक्ति, द्रुत गतिमा बढिरहेको यौनव्यापार, चेलीबेटी बेचबिखन र सहरी क्षेत्रमा नवयुवकहरूमा बढ्दै गएको लागूऔषधको प्रयोग एचआईभी/एड्सका मुख्य कारणका रूपमा रहिआएका छन् । यस रोगको संक्रमण

नेपालमा डरलाग्दो छ र बढ्ने क्रममा छ । केही पहाडी जिल्लामा यसको संक्रमणबाट प्रभावित संख्या अत्यधिक छ। यस रोगको नियन्त्रणका लागि बनेका नीतिनियम र त्यसको कार्यान्वयनले यस रोगको नियन्त्रणलाई धेरै प्रभाव पार्न सकेको देखिँदैन ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका अनुसार नेपालमा एचआईभी/एडस्बाट संक्रमितहरूमा १९ वर्षमुनिका बालबालिकाको संख्या करिब १८ हजारभन्दा बढी रहेको छ। यो कुल एचआईभी/एड्स संक्रमितहरू संख्याको १८ प्रतिशत हुन आउँछ । जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३ एचआईभी/एड्स संक्रमितहरूले सामाजिक अपहेलनाका भयले लुकाएर राख्ने गरेको र केहीले आत्महत्यासम्म गर्ने गरेको पाइएको छ। एचआईभी/एड्सबाट बढी संक्रमित/प्रभावित जिल्लाहरूमा अछाम, इलाम, डोटी र बाँके रहेका छन् ।

परिच्छेद-५

# बाल सहभागिता

बाल सहभागिता प्रमुख बालअधिकारमध्ये एक हो । बालअधिकार महासन्धिले बालबालिकाको सहभागिताको अधिकारमा जोड दिएपछि बालबालिकाका क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले बालसहभागिता प्रवर्द्धन गर्न विशेष ध्यान दिएको पाइन्छ । मूलतः बालबालिकासँग सरोकार राख्ने विभिन्न सवालहरुको निर्णय र कार्यान्वयन प्रक्रियामा बाल सहभागिता बढाउँदै जाने उद्देश्यले विभिन्न बालक्लब र बालमञ्चहरु गठन गरिएका छन् ।

नेपालमा बालबालिकाले नेतृत्व गरेका बालक्लबसमेतका संस्थाहरू ८ हजार ८ सय ४७ भन्दा बढी छन् । बालबालिकाले नेतृत्व गरेका संस्थामा सहभागी बालकको संख्या १ लाख ३० हजार ७ सय ९७ रहेको छ भने बालिकाको संख्या ९८ हजार २ सय ७७ रहेको छ ।

### तालिका ५.१

बालक्लब सहभागी बालकबालिकाको लिङ्गगत विवरण

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| बालक | १,३०,७९७ ५७.०९ | ५७.०९ |
| बालिका | ९८,२७७ ४२.९१ | ४२.९१ |
| कुल बालबालिका | २,२९,०७४ १०० | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति

बालक्लबहरूमा सहभागी बालबालिकामध्ये जनजातिका बालकको संख्या २३ हजार ३ सय ५७ र बालिकाको संख्या २३ हजार ८ सय ६२ रहेको छ ।

### तालिका ५.२

बालक्लब सहभागी जनजाति बालकबालिकाको संख्या र प्रतिशत

| वर्गीकरण | संख्या | प्रतिशत |
|---|---|---|
| बालक | २३,३५७ | ४९.५७ |
| बालिका | २३,८६२ | ५०.४३ |
| कुल बालबालिका | ४७,११९ | १०० |

स्रोत : केन्द्रीय बाल कल्याण समिति

सहभागिताका अधिकारहरूमा स्वतन्त्र विचार, आस्था र अभिव्यक्तिको अधिकार, सूचनाको अधिकार तथा संगठनको अधिकार हुन् । बाल-सहभागिताका नाममा भएका अभ्यासहरूमा मूलतः संगठनको अधिकारमा जति जोड अरू पक्षमा दिइएको देखिँदैन । बालबालिकाले सूचनाप्रद र मनोरञ्जनात्मक कार्यक्रम तथा समग्र जनसञ्चारका माध्यममा प्रचारप्रसार र प्रकाशन गर्ने गरेका छन् । यसैगरी बालबालिकाप्रति लक्षित वयस्कहरूद्वारा सञ्चालित सूचनाप्रद र मनोरञ्जनात्मक कार्यक्रमहरू पनि रहेका छन् । यिनको सामग्री विश्लेषण र प्रभाव मूल्यांकन भने गरिएको पाइँदैन ।



book.pmd 50 2/20/2007, 2:33 AM

## परिच्छेद-६

# बाल न्याय

बालबालिकाका हित र कल्याणकालागि मुलुकी ऐनको गरिब कंगालको महलमा केही प्रावधानहरु रहेका भए पनि बाल न्याय प्रशासनसम्बन्धी व्यवस्था भने फौजदारी न्यायप्रणालीको अंगका रुपमा सीमित थियो । मुलुकी ऐनको दण्डसजायँको महलमा बालबालिकाको फौजदारी दायित्वका सम्बन्धमा केही व्यवस्था भए पनि उनीहरुले फौजदारी अपराध गरेको प्रमाणित भएमा सुधारको निमित्त कुनै संस्थागत व्यवस्था थिएन । नेपालमा पहिलोपटक बालबालिकासम्बन्धी ऐन, २०४८ मा सुधारको आवश्यकता भएका बालबालिकाकालागि बालसुधारगृहहरु सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरिएको हो ।

**बालबालिकासम्बन्धी ऐनको दफा ४२ मा नेपाल सरकारले आवश्यकताअनुसार बालसुधार गृहको स्थापना गर्ने प्रावधान रहेको छ । ऐनको दफा २ अनुसार त्यस्ता बालगृहहरूमा देहायका श्रेणीका बालबालिकाहरू राखिनेछन् ः**

**(क) कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालक,**

**(ख) प्रचलित कानुनबमोजिम कैदको सजायँ पाएकोमा सो बमोजिम कैदमा जानुपर्ने बालक,**

**(ग) लागूऔषधको कुलतमा लागेको बालक,**

**(घ) बाबुआमा वा घरपरिवारबाट भागी हिँड्ने गरेको बालक,**

**(ङ) अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिहरूसँग संगत गर्ने वा त्यस्ता व्यक्तिहरुको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित रहने बालक,**

**(च) नेपाल सरकारले तोकेको वर्गीकरणका बालकहरू,**

माथि उल्लेख भएकामध्ये खण्ड क र ख मा पर्ने बालबालिकाकालागि नेपालमा एउटा मात्रै बालसुधारगृह सञ्चालन गरिएको छ। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको कार्यक्रमका रूपमा न्यूनतम सुविधिविहीन बालबालिकाको शैक्षिक कार्यक्रम (युसेप) नेपालले सानोठिमीमा सञ्चालन गरेको बालसुधारगृहमा उल्लिखित खण्ड क र ख श्रेणीमा पर्ने बालबालिका राख्नका लागि कारागार व्यवस्थापन विभागसाग पनि सम्झौता गरिएको छ । बालसुधारगृहमा अहिले मुलुकभरका न्यायिक निकायमा मुद्दा विचाराधीन रहेका र न्यायिक निकायबाट सजाय तोकिएका बालबालिका राखिएका छन् ।

वि.सं. २०६३ जेठ २६ देखि असार ५ गतेसम्मको अवधिमा सानोठिमीस्थित बालसुधार गृहमा ५१ जना बालबालिका रहेका थिए ।

मुद्दाका आधारमा बालसुधारगृहमा राखिएका बालबालिकामध्ये सबैभन्दा धेरैलाई चोरी ( ३१ प्रतिशत), त्यसपछि सार्वजनिक अपराध (२० प्रतिशत), कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग (१७ प्रतिशत) तथा बलात्कारको (१४ प्रतिशत) मुद्दामा कारबाही चलाइएको छ ।

**तालिका ६.१**

मुद्दाको किसिमका आधारमा कानुनको सम्पर्कमा आएका बालबालिका

| क्र.सं. | मुद्दाको किसिम | प्रतिशत |
|---|---|---|
| १. | चोरी, डकैती र रहजनी | ३१ |
| २. | सार्वजनिक अपराध | २० |
| ३. | कर्तव्य ज्यान | १७ |
| ४. | बलात्कार | १४ |
| ५. | लागूपदार्थ प्रयोग र बेचबिखन | ६ |
| ६. | चेलीबेटी बेचबिखन | १ |
| ७. | अन्य | ५ |

स्रोत :

उमेरका आधारमा हेर्दा १४ वर्षमुनिका २१ प्रतिशत, १५(१६ वर्षका ४६ प्रतिशत, १७-१८ वर्षका ५ प्रतिशत र उमेर नखुलेको उल्लेख भएका २८ प्रतिशत रहेको देखिन्छ ।

यस्तै जातिगत आधारमा बालसुधारगृहमा रहेका बालबालिकामध्ये आदिवासी जनजाति समूहका सबैभन्दा धेरै छन् भने त्यसपछि बाहुनक्षेत्रीसमूहका बालबालिकाको संख्या देखिन्छ ।

**तालिका ६.२**

जातिगत आधारमा कानुनको सम्पर्कमा आएका बालबालिका

| क्रमसंख्या | जातजाति | प्रतिशत |
|---|---|---|
| १. | आदिवासी जनजाति | ५५ |
| २. | बाहुनक्षेत्री | ३० |
| ३. | दलित | ११ |
| ४. | मधेसी | ४ |
| | जम्मा | १०० |

स्रोत :

परिच्छेद-७

# बालअधिकार संरक्षणका लागि संस्थागत प्रयासहरु

बालअधिकार महासन्धिको कार्यान्वयनका निम्ति सरकारले विभिन्न संस्थागत व्यवस्था गरेको छ । यसमा राष्ट्रिय योजना आयोगको सचिवालयमा बाल तथा महिला विकास शाखाको स्थापना, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना र केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिहरुको गठन प्रमुख रहेका छन् । वि.सं. २०५७ मा गठित राष्ट्रिय मानवअधिकार आयोगमा बालबालिकासम्बन्धी छुट्टै शाखा खोलिएको छ ।

यसैगरी बालअधिकार महासन्धिको कार्यान्वयन सुनिश्चित गर्नकालागि दसवर्षे राष्ट्रिय कार्ययोजना तर्जुमा गरिएको छ । यस कार्ययोजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकनकालागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्पर्क मन्त्रालयका रुपमा रहेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२ मा केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको गठनको प्रावधान रहेको छ । यसैगरी ऐनको दफा ३३ मा बालकल्याण अधिकारीको नियुक्तिको व्यवस्था छ । मुलुकका सबै जिल्लामा जिल्ला बाल कल्याण समितिहरु गठन गरिएका छन् ।

बालअधिकारका सुनिश्चितताका लागि राज्यपक्षबाट गर्नुपर्ने कार्यका लागि सम्पर्क बिन्दुका रूपमा केन्द्रीय बालकल्याण समितिलाई जिम्मेवारी दिइएको छ। यसैगरी जिल्ला बालकल्याण समितिहरूलाई जिल्लास्तरीय सम्पर्क बिन्दुका रूपमा तोकिएको छ । केन्द्रीय बालकल्याण समितिको अधिकारक्षेत्रमा बालबालिकासँग सम्बन्धित सबालमा समन्वय, अनुगमन र मूल्यांकन पर्दछन् ।

## राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको समन्वय, अनुगमन र मूल्यांकन व्यवस्था :

**राष्ट्रिय योजना आयोगको सचिवालय, विशेषगरी वार्षिक र आवधिक योजना तर्जुमा र कार्यक्रम निर्धारण गर्ने सन्दर्भमा सबै सम्बद्ध मन्त्रालयहरुको सर्वोच्च समन्वयकारी अंग हुनेछ । त्यसकारण यो केन्द्रीय स्तरको समन्वय, अनुगमन तथा मूल्यांकनकालागि जबाफदेही हुनुपर्दछ ।**

**केन्द्रीय स्तरमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिले संयुक्तरुपमा सम्बद्ध मन्त्रालयहरु, निकायहरु र विकासका साझेदारहरुसँग योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा समन्वय गर्नेछन् । तथापि केन्द्रीय बाल कल्याण समितिमा यस कार्यको बढी दायित्व रहनेछ । त्यसैगरी जिल्लास्तरका महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिअन्तर्गतका कार्यालय वा समितिहरुले आफ्ना कार्यक्रमको कार्यान्वयन सँगसँगै जिल्लास्तरका योजना तथा कार्यक्रमहरुको समन्वय, अनुगमनर मूल्यांकन गर्नेछन् । यो ध्यान दिन जरूरी छ कि केन्द्रीय बाल कल्याण समितिले कार्यक्रमको कार्यान्वयनमा भन्दा बढी समन्वय, सहजीकरण, अनुगमन र मूल्यांकनमा आफ्नो भूमिका खेल्नेछ । राष्ट्रियस्तरमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्पर्क मन्त्रालय र केन्द्रीय बाल कल्याण समिति केन्द्रबिन्दु हुनेछन् । जिल्ला बाल कल्याण समिति जिल्लास्तरमा सम्पर्क बिन्दु हुनेछ । गाउँ विकास समितिहरु र नगर पालिकाहरु गाउँ र नगरस्तरमा केन्द्रबिन्दुका रुपमा विकसित वा सुदृढ गरिनेछ । यसका अतिरिक्त बालक्लबहरु वा संस्थाहरुको साथसाथै बालअधिकार केन्द्रित गैर सरकारी संघ संस्थाहरुको छुट्टै कार्यसञ्जाललाई राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका सिलसिलामा पहरेदारका रुपमा काम गर्ने गरी विकसित गरिनेछ । त्यस्तै यी दुवै समूहको संयुक्त पहरेदार वा दबाब समूहको निर्माणमा जोड दिइनेछ । यी सबै समूहहरु गाउँस्तरदेखि राष्ट्रियस्तरसम्म निर्माण/सुदृढ हुनेछन् ।**

स्रोत : मन्त्रिपरिषद्बाट २०६१ मंसिर ३ गते स्वीकृत
बालबालिकाकालागि दसवर्षे राष्ट्रिय कार्ययोजना (२०६१)






book.pmd 57 2/20/2007, 2:33 AM

# REFERENCES

१. An increasing wave (migration of Nepalese children to India in the context of Nepal's armed conflict), a research report, CCWB and Save the Children alinace, Kathmandu, 2005.
२. An assessment of the implementation of the tenth plan NPC 2005
३. Facts on child labour and dalit community, Cwin – 2006
४. Give us a chance (2004), Save the Children Norway – Nepal, Lalitpur, Nepal.
५. http://www.who.int/docstore/water_sanitation_health/Globassessment/Global7-2.htm, Access date, 13 August 2006.
६. Immunization Atlas of Nepal 2005 WHO/HMG and CORE
७. IPEC, Internal Trafficking Among Children and Youth Engaged in Prostitution, International Programme on the Elimination of Child Labour (IPEC), ILO, Geneva, 2002.
८. Lutheran World Federation Nepal, Annual Report 2002
९. Nepal Demographic and Health Survey, 2001.
१०. Population census 1991 and 2001 CBS.
११. Population Census 2001, CBS Vol I National Report, table 10.
१२. Population Census 1991, vol 1, Part X table 31.
१३. Populatiohn Monograph of Nepal Vol II CBS 2003
१४. Poverty trends in Nepal, CBS 2005
१५. Sita Ghimire "Child Rights Protection" an unpublished paper presented at a Training head by CCWB, 2006
१६. Tritha Bahadur Manandhar and Krishna Prasad Shrestha – Population Growth and Educational Development.
१७. World population data sheet 1991 and 2001.
१८. केन्द्रीय बाल कल्याण समितिको जिल्ला अनुगमन सूचकांकको विश्लेषण, २०६३
१९. केन्द्रीय बाल कल्याण समिति, सडक बालबालिकाको अध्ययन प्रतिवेदन, २०६३ (अप्रकाशित)
२०. अपाङ्ग आवाज मासिक, २०६३ पूर्णाङ्क ५३
२१. आर्थिक सर्वेक्षण २०६२/०६३ अर्थमन्त्रालय
२२. अनवरत संघर्ष, सेभ द चिल्ड्रेन एलायन्स नर्वे, ललितपुर, नेपाल ।
२३. मानव बेचबिखन (विशेषगरी महिला र बालबालिका).. प्रतिवेदन, (२०६३) राष्ट्रिय मानवअधिकार आयोग/चेलीबेटी ओसारपसार तथा बेचनबिखनविरुद्ध राष्ट्रिय समाधिक्षकको कार्यालयको, ललितपुर, नेपाल ।
२४. संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालद्धारा प्रस्तुत प्रारम्भिक र दोस्रो प्रतिवेदनमा समापन टिप्पणी, (२०६३), केन्द्रीय बाल कल्याण समिति र सेभ द चिल्ड्रेन नर्वे, पुल्चोक ललितपुर ।
२५. बालबालिका अझै उपेक्षित (२०६३), बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानको सचिवालय, ललितपुर, नेपाल ।
२६. केन्द्रीय बाल कल्याण समिति (२०६३) अप्रकाशित प्रतिवेदन